जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक २४१ • २०८२ साल माघ १५ गते बिहीबार (29 January, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपाबाट ८ जना नेता निष्कासित

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले आसन्न प्रतिनिधिसभा निर्वाचन-२०८२ मा पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएको भन्दै आठ जना नेतालाई पार्टीबाट निष्कासन गरिएको छ।

संरक्षक महन्थ ठाकुर र अध्यक्ष उपेन्द्र यादवले संयुक्त रुपमा हस्ताक्षर गरेको विज्ञप्तिमा पार्टीको नीति, निर्णय, अनुशासन र विधानविपरीत गतिविधि गरेको ठहर गर्दै ती नेताहरूलाई तत्काल लागू हुने गरी निष्कासन गरिएको जनाएको छ।

जसपा नेपालका अनुसार महोत्तरी, सर्लाही, बारा र पर्सा जिल्लाका विभिन्न निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएपछि ती नेताहरूलाई कारबाही गरिएको छ।

निष्कासित हुनेमा पर्सा क्षेत्र नम्बर १ का प्रदीप यादव, बारा क्षेत्र नम्बर २ का चन्दन कुमार सिंह र आत्माराम साह, बारा निवासी कमरुल्लाह अन्सारी, सर्लाहीका उदयकान्त मिश्र, महोत्तरी क्षेत्र नम्बर १ का हरिनारायण यादव, बारा निवासी नवल किशोर सिंह तथा महोत्तरीका डा. शिवजी यादव रहेका छन्।

### आसन्न प्रतिनिधिसभा निर्वाचनमा संयुक्त सुरक्षा फौज खटाइने

# मधेश प्रदेशमा १ हजार २ सय ४६ मतदान स्थल अतिसंवेदनशील

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभाको आसन्न निर्वाचनका लागि मधेश प्रदेशमा चार हजारभन्दा बढी मतदान केन्द्र निर्धारण गरिएको जनाइएको छ। मधेशको ८ वटै जिल्लामा ४ हजार ४७१ मतदान केन्द्र निर्धारण गरिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

निर्वाचनलाई शान्तिपूर्ण रूपमा सफल बनाउन प्रहरीले निर्वाचन सुरक्षा योजना तयार पारिएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले जानकारी दिए। सबै जिल्लाका मतदान स्थल निरीक्षणपछि प्रहरीले सुरक्षा चुनौतीको अवस्थाका आधारमा तिनलाई तीन भागमा वर्गीकरण गरेको छ।

जेन- जी आन्दोलनपछि सुरक्षा चुनौतीको दृष्टिकोणले मतदान स्थललाई प्रहरीले सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन भागमा वर्गीकरण गरेको छ।

मधेश प्रहरी कार्यालयले जनाए अनुसार ८ वटै जिल्लाका कुल मतदान केन्द्रमध्ये खासगरी सुरक्षा चुनौती रहेका स्थलहरूलाई तीन भागमा वर्गीकरण गरेर त्यसैअनुरुप सुरक्षा रणनीति तयार पारिएको प्रहरीको भनाइ छ। सुरक्षा चुनौती भएको केन्द्रलाई अति संवेदनशील र नभएको ठाउँको मतदान स्थललाई सामान्य वर्गीकरणमा गरिएको छ।

प्रदेश प्रहरीका अनुसार मधेशका एक हजार २ सय ४६ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अति संवेदनशील वर्गीकरण गरिएको मधेश प्रहरीका प्रवक्ता थापाले बताए। मधेशको ८ वटै जिल्लामा कुल १६० मतदान केन्द्रलाई मात्रै सामान्य वर्गीकरणमा राखिएको छ।

सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन'मा रहेको छ।

सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अति संवेदनशीलको सूचीमा रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

त्यस्तै सिराहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ र बाराका १४५ मतदान स्थल अति संवेदनशील सूचीमा राखिएको छ।

८ वटै जिल्लामा ७६३ वटा मतदान स्थललाई संवेदनशीलको सूचीमा छ। सर्लाहीमा सबैभन्दा बढी १३१ मतदान स्थल संवेदनशील सूचीमा छ।

सुरक्षा चुनौती भएको मतदान स्थलमा प्रहरी परिचालन गर्ने रणनीति तयार पारिएको छ। ८ वटै जिल्लामा व्यापक संख्यामा नेपाल प्रहरी, निर्वाचन प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन गरिने तयारी गरिएको छ। सुरक्षाका तीन वटै निकायबाट गरी मधेशमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने तयारी गरिएको बताइन्छ।

मधेशमा करिब ४० हजार नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन गरिने तयारी गरिएको छ।

त्यस्तै सशस्त्र प्रहरीबाट १० हजार प्रहरी खटाउने तयारी गरिएको सशस्त्र प्रहरी बल मधेश प्रदेशले जनाएको छ। यसको अलावा नेपाली सेना पनि परिचालन हुने छ।

## मधेश प्रदेशमा डरलाग्दो सम्पर्कविहीनहरुको अवस्था

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सम्पर्कविहीन हुने व्यक्तिहरुको संख्या डर लाग्दो अवस्थामा रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

जनकपुरधाममा बुधबार मधेश प्रदेश प्रहरी कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रस्तुत एक तथ्यांकले मधेश प्रदेशका जिल्लाहरूमा हराउने व्यक्तिहरुको संख्या बढिरहेको देखिएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले जनाएअनुसार अन्तिम ६ महिनामा मधेश प्रदेशमा २ हजार ५ सय ७२ जना सम्पर्कविहीन छन्। जसमध्ये पुस महिनामा मात्र १ हजार ४ सय ४८ जना सम्पर्कविहीन छन्। ती सम्पर्कविहीनहरुमध्ये ६ महिनामा १ हजार ५ सय १ जना फेला परेका छन् भने अन्य अझै सम्पर्कविहीन अवस्थामै रहेका छन्।



प्रवक्ता थापाले जेन- जी आन्दोलनमा भएका क्षतिहरुको विवरणसमेत सार्वजनिक गरे। उनले मधेश प्रदेशमा जेन- जी आन्दोलनका क्रममा जम्मा ४ जनाको मृत्यु भएको थियो। सो आन्दोलनमा मधेश प्रदेशका कुल २३४ वटा सरकारी कार्यालयहरुमा क्षति भएको थियो।

सरकारी कार्यालयहरुको कुल क्षति आँकलन ५७ करोड ३५ लाख ५२ हजार १२५ रुपैयाँ मूल्य बराबरको रहेको बताइन्छ। उनले जेन- जी आन्दोलनका क्रममा प्रदेशभरिका प्रहरीको सवारी साधनहरुमा पनि क्षति पुगेको बताए। कुल आँकलन अनुसार २ करोड ६ लाख ७८ हजार ३८० रुपैयाँ बराबरको प्रहरीले प्रयोग गर्ने सवारी साधनमा क्षति भएको छ।

प्रवक्ता थापाले जेन- जी आन्दोलनका क्रममा मधेश प्रदेशका विभिन्न कारागारहरुमा रहेका १ हजार ४५ जना कैदीबन्दी फरार भएका थिए। उनीहरुमध्ये विभिन्न स्थानबाट जम्मा ५ सय ७९ जना पक्राउ परेका छन् भने अन्य कैदीबन्दी अझै फरार अवस्थामा रहेका छन्। जेन- जी आन्दोलनकै क्रममा मधेश प्रदेशका बाल सुधार गृहरुबाट ६८ जना फरार भएका थिए। जसमध्ये २० जना पक्राउ परिसकेका छन् भने ४८ जना अझै फरार रहेको उनले बताए।

## सामाजिक भत्ता भ्रष्टाचारको आरोपमा मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिक भत्ता वितरणमा अनियमितता गरेको आरोपमा विशेष अदालतमा आरोप पत्र दायर गरेको छ। आयोगले बाराको पचरौता नगरपालिका वडा- ६ का वडाध्यक्ष र साजुला मियाँ अन्सारीसमेतको मिलेमतोमा ज्येष्ठ नागरिक भत्तामा अनियमितता गरेको आरोप दायर मुद्दामा उल्लेख गरिएको छ। वडाध्यक्ष मकबुल अन्सारीसंगको मिलेमतोमा उमेर बढाएर केही स्थानीयहरुले ज्येष्ठ नागरिक भत्ता भत्ता बुझ्दै आएको उजुरी आयोगमा परेको थियो।




आयोगले उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा वडा- ६ का प्रतिवादीहरु साजुला मिया अन्सारी, रबेया अन्सारी र उमत मिया अन्सारीले ज्येष्ठ नागरिक भत्ता लिन नागरिकताको वास्तविक जन्म मितिमा झुट्टा तथ्य विवरण वदनियतपूर्वक बुझाएको फेला परेको थियो। उनीहरुले सक्कल नागरिका नबुझाई फोटोकपी पेश गर्दै उमेर नपुगी भत्ता बुझेको अनुसन्धानबाट खुलेको छ। राज्यलाई हानी नोक्सानी पुऱ्याउने नियतले जानी बुझी ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न वडा कार्यालयमा निवेदन दिएको आयोगले दायर गरेको आरोप पत्रमा उल्लेख गरिएको छ।

आयोगका सहसचिव तथा प्रवक्ता सुरेश न्यौपानेले आरोपित व्यक्तिहरुलाई प्रतिवादी बनाएर आरोप पत्र दायर गरेको जनाएका छन्। आयोगकाअनुसार वडा अध्यक्ष मकबुल मिया अन्सारीले ४ लाख ७६ हजार रुपैयाँ भ्रष्टाचार गरेको दाबी गरेको छ। त्यसैले उनीविरुद्ध भष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा आरोप पत्र दायर गरिएको छ।

यसका साथै सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो कायम गरी दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना असुल उपरको माग दाबी लिइएको छ। त्यसैगरी आयोगले सोही वडामा कार्यरत तत्कालीन वडा सचिव संगिता घिमिरे बिरुद्ध रु. १ लाख ४० हजार र तत्कालीन वडा सचिव पिटर थारु बिरुद्ध रु. ८४ हजार बिगो असुल उपरको माग दाबीसहित आरोप पत्र दायर गरको छ।

आयोगले तत्कालीन वडा सचिव राजाराम प्रसाद साह विरुद्ध २ दाख ५२ हजार रुपैयाँ र सोही वडाका साजुला मिया अन्सारी विरुद्ध १ लाख ४० हजार रुपैयाँ भष्टाचार गरेको ठहरसहित आरोप पत्र दायर गरको बताइएको छ। त्यस्तै रबेया अन्सारी विरुद्ध ८४ हजार रुपैयाँ र उमत मिया अन्सारीलाई २ लाख ५२ हजार रुपैयाँ मुख्य कसुरदार सरह सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी सहित आरोप पत्र दायर गरिएको छ।




## निर्वाचन आचारसंहिता उल्लंघन गर्ने सीके राउतदेखि मुख्यमन्त्रीसम्मलाई स्पष्टीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन निर्वाचन आयोगले सक्रियता बढाउँदै २१ जनालाई स्पष्टीकरण सोधेको छ। आयोगको पछिल्लो कारबाहीको सूचीमा कोशी प्रदेशका मुख्यमन्त्री, संघीय मन्त्रीदेखि बालेन्द्र साहसहितका चर्चित उम्मेदवारसम्म रहेका छन्।

आयोगका अनुसार आचारसंहिताको प्रतिकूल हुने गरी प्रचारप्रसार गरेको वा पदीय मर्यादा उल्लंघन गरेको आधारमा २१ जना भन्दा बढी व्यक्ति र निकायलाई स्पष्टीकरण माग गरिएको छ।

सप्तरी-२ का उम्मेदवार चन्द्रकान्त(सीके) राउत, झापा-५ का उम्मेदवार बालेन्द्र शाह, भक्तपुर-२ का महेश बस्नेत र जाजरकोट-१ का शक्ति बहादुर बस्नेतलाई आयोगले जवाफ माग गरेको छ। यस्तै, काठमाण्डु-४ का डा. सुरेन्द्र भण्डारी र काठमाडौं-५ की निशा अधिकारीलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ।

झापा-५ का रास्वपाका उम्मेदवार बालेन्द्रले सोही क्षेत्रका एमाले उम्मेदवार केपी शर्मा ओलीले भावी प्रधानमन्त्रीका उम्मेदवार हरूबीच डिबेट गर्न तयार रहेको भनेर फेसबुकमा लेखेको सामग्रीमुनी आरोप लगाउँदै प्रतिक्रिया लेखेको भन्दै स्पष्टीकरण माग गरिएको छ।

बालेन्द्रले जनकपुरधाममा गरेको भाषणको सन्दर्भलाई लिएर अशोभनीय टिप्पणी गरेको भन्दै आयोगले भक्तपुर- २ का एमाले उम्मेदवार महेश बस्नेतलाई पनि स्पष्टीकरण सोधेको छ।

राष्ट्रिय चिह्न गाइबारे साम्प्रदायिक विद्वेष फैलाउने गरी अभिव्यक्तीय दिएको उजुरीका आधारमा रास्वपाका उम्मेदवार खगेन्द्र सुनारलाई आयोगले स्पष्टीकरण सोधेको छ। सार्वजनिक स्थानमा चुनाव चिह्नको तोरण बनाएर राखेको विषयमा राउतलाई स्पष्टीकरण सोधेको छ।

त्यस्तै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की र सोही प्रदेशका मन्त्री इस्राइल मन्सुरीलाई सरकारी स्रोत वा पदीय प्रभाव प्रयोग गरेको विषयमा आयोगले प्रश्न उठाएको छ। मुख्यमन्त्री कार्कीले भने आयोगलाई जवाफ पठाइसकेका छन्।



# 'सहकारीलाई थप नियमन गर्नुपर्छ'



पाटन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा डा कुमार इङ्नामले नेपाल राष्ट्र बैंकले बैंकहरुलाई नियमन गरेजस्तै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले पनि सहकारीको नियमन गनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प्रथम वार्षिकोत्सवको अवसरमा प्राधिकरणले बुधबार आयोजित कार्यक्रममा उहाँले बैंकहरुको कार्यक्षेत्रजस्तै हुनेगरी सहकारीहरु सञ्चालन हुन थालेपछि सहकारीमा समस्या आएको हो भन्दै राजकीय हैसियतमा भएका व्यक्तिहरुले नागरिकप्रति जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिनुभएको हो ।

"अन्धाधुन्ध बचत सङ्कलन गर्न थालेपछि सहकारीमा समस्या आएको हो, वाणिज्य बैंकको अधिकृत पुँजीभन्दा बढी एउटा सहकारीले बचत सङ्कलन गर्दा त्यतिकै छोड्नु हुँदैनथ्यो, तत्कालीन सरकारले ध्यान दिनुपर्थ्यो, अहिले करोडौँ बचतकर्ता सडकमा आउनुपर्ने अवस्था हुँदैनथ्यो, तसर्थ राज्यको मातहतमा रहेका सबैको जिम्मेवारी राज्यले लिनुपर्छ, नेपालको अर्थतन्त्र चलायमान बनाउन सहकारीको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ", मन्त्री इङ्नामले भन्नुभयो ।

उहाँले सहकारीका बचतकर्ता मात्रै हैन ऋणीहरु पनि पीडित हुन पुगेका छन् भन्दै समस्याग्रस्त सहकारीका ऋणीले पैसा तिर्दा पनि रेकर्डमा नभेटिने अवस्था हुनु ठूलो समस्या भएको बताउनुभयो । "विगतमा नियमन गर्ने निकाय गैरजिम्मेवार हुँदा सहकारीमा समस्या आएको हो, नियमक निकायको रुपमा प्राधिकरणले अहिले गरेको कामले सानो समूहलाई मात्रै समेटेको छ, २३ वटा समस्याग्रस्त सहकारीको रु ४५ अर्ब दायित्व र रु ३० अर्ब सम्पत्ति रहेको अवस्थामा समस्या समाधानमा जटिल बनेको छ, जुन गतिमा समस्याग्रस्त सहकारीले काम गरेको छ, त्यसले समाधान हुँदैन", उहाँले भन्नुभयो । उहाँले सहकारी बिगार्ने सहकारीका सञ्चालकभन्दा विगतका राज्यका नियमाक निकाय जिम्मेवार छन् भन्नुभयो ।

"राम्रा सहकारीहरु स्वनियमनका कारण समस्यामा नपरेका पनि होलान्, सहकारी खोलेर पैसा जम्मा गर्ने र कम्पनीमा लगानी गर्ने गैरकानुनी कार्य सहकारीको नियमन गर्ने निकायले नजरअन्दाज गरेर बस्नुहुँदै", उहाँले भन्नुभयो ।सहकारी नियमन प्राधिकरणको कार्यक्षमता अभिवृद्धिका लागि राज्यले थप जनशक्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सहकारीको प्रभावकारी नियमन गर्दै राज्यको अर्थतन्त्रलाई लयमा ल्याउन योगदान दिनुपर्ने राख्नुभयो ।

पूर्वमन्त्री एवं राष्ट्रिय सहकारी महासङ्घका पूर्वअध्यक्ष केशव बडालले सहकारी ऐन २०४८ निर्माण भएदेखि नै संविधान निर्माणसम्म आफू सहभागी भएर सहकारी अभियानका लागि काम गरेको बताउँदै अहिले सहकारीका मूल्यमान्यता पालन नगर्ने करिब २०० वटा सहकारी संस्थामा समस्या देखा परेको बताउनुभयो । उहाँले राज्य र सहकारी अभियानका बीचमा समन्वय र सहकार्य गराउन प्राधिकरणले सहकारीको मूल्य, मान्यता, दर्शन र सिद्धान्तअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले राष्ट्र बैंकसँगको समन्वयमा क्रियाशील हुने सहकारी नियमन प्राधिकरण सशक्त र सक्षम हुनुपर्छ भन्दै बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरु सचेत हुने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारी अभियानको सहयोग र समन्वय बिना प्राधिकरणलाई काम गर्न कठिनाइ हुने धारणा राख्नुभयो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डाक्टर खगराज शर्माले सहकारी ऐनलाई संशोधन गरेर स्थापना गरिएको प्राधिकरणले नीतिगत व्यवस्था गर्दै सहकारीको दिगो विकास, पारदर्शी नियमन र नागरिकको विश्वास निर्माणका लागि आफ्नो रणनीति प्रस्ट पार्दै स्रोत परिचालन, प्रविधिको प्रयोगलाई जोड दिँदै अगाडि बढिरहेको बताउनुभयो । उहाँले हालसम्म तीन हजार १६० वटा सहकारी संस्था दर्ता प्रक्रियामा रहेको बताउँदै २६० वटा प्रमाणपत्र जारी गरेको जानकारी गराउनुभयो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद बरालले प्राधिकरण नेपालको अर्थतन्त्रको संवाहकको रुपमा रहेको सहकारी संस्थाहरुको नियमनका लागि सकारात्मक लयमा ल्याउनका लागि स्थापना भएको बताउनुभयो । रासस

# नक्कली भारुसहित दुई जना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको सीमावर्ती क्षेत्रमा नक्कली भारतीय रुपैयाँसहित दुई जनालाई सशस्त्र प्रहरी बल नेपालले पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म मुख्यालय गौरबाट खटिएको चेकपोस्ट टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका दुई जना भारतीय नागरिकलाई चेकजाँच गर्ने क्रममा शंकास्पद नोटसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारतको जिल्ला सितामढी पर्सौनीका अन्दाजी ४२ वर्षीय राकेश कुमार साह र जिल्ला सितामढी सिभवर परिषद-४ का अन्दाजी ३० वर्षीय विक्रम कुमार पासवान रहेको सशस्त्र प्रहरी रौतहटका एसपी रामहरि अधिकारीले जानकारी दिए । उनीहरूले प्रयोग गरेको विआर ३० ए एफ ५७३१ नम्बरको मोटरसाइकल समेत बरामद गरिएको छ ।

जाँचका क्रममा उनीहरूको साथबाट भारु २ हजार ५ सय रुपैयाँ बराबरका नक्कली जस्तो देखिने नोट फेला परेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद रकममध्ये ५०० दरको १ थान र २०० दरको १० थान नोट रहेका छन् । सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म मुख्यालय गौरका प्रमुख डिएसपी प्रेमसागर बिष्टले जनाए अनुसार शंकास्पद नोटसहित उनीहरूको साथबाट सक्कली भारु १७७ रुपैयाँ, मोटरसाइकल र दुई थान एन्ड्रोइड मोबाइल समेत बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनालाई बरामद सामानसहित आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# मतदाता शिक्षाका लागि सबै जिल्लामा पुग्यो नमुना मतपत्र

काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीका लागि मतदाता शिक्षा दिन सबै जिल्लामा नमुना मतपत्र पुगिसकेको निर्वाचन आयोगले जनाएको छ ।

कूल १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ भएको र ती मतपत्र मतदाता शिक्षाका लागि सबै जिल्लामा पुगिसकेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ हुम्ला, कालीकोट, जुम्ला, मुगु, डोल्पा जिल्लाका लागि मतपत्र छपाइ कार्य सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

बाँकी जिल्लाका मतपत्र क्रमशः छपाइ भइरहेको पनि आयोगले जनाएको छ । यही माघ २५ गतेदेखि फागुन ५ गतेसम्म १६५ वटै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी गर्ने योजना रहेको प्रवक्ता भट्टराईको भनाइ छ । समानुपातिकतर्फको करिब दुई करोडभन्दा बढी मतपत्र छपाइ कार्य भने सम्पन्न भइसकेको आयोगले जनाएको छ ।रासस

# स्थानीय जनताका बीचमा रहेर विकास निर्माणमा समर्पित हुनेछुः सभापति थापा



धनकौल । नेपाली कांग्रेसका सभापति एवं सर्लाही क्षेत्र नम्बर ४ का उम्मेदवार गगनकुमार थापाले आफ्ना मतदातासँग निर्वाचित सांसद प्रत्यक्षरुपमा जोडिनुपर्ने बताउनुभएको छ ।

मधेस प्रदेशअन्तर्गत सर्लाही ४ मा उम्मेदवारी दिएपछि भेटघाट तथा पार्टी प्रवेशसम्बन्धी कार्यक्रममा व्यस्त रहनुभएका सभापति थापाले बुधबार धनकौलमा आयोजित कार्यक्रममा सांसद कार्यालय स्थापना गरी आफ्ना मतदातासँग सिधै सम्पर्कमा रहेर विकास निर्माणलगायतका काममा सक्रिय हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "मलाई यहाँका जनताले खोज्न अब कहीँ जानुपर्दैन, मेरो सम्पर्क कार्यालय यहीँ रहन्छ मैले पहाड बुझेँ, सहर बुझेँ र यसपटक मधेस बुझ्न उम्मेदवारीसहित यहाँ आएको हुँ । यहाँको शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा आफ्नो संयन्त्र, अनुभव र ज्ञानको अधिकतम सदुपयोग गरी समस्या सम्बोधनमा तल्लीन हुनेछु । तपाईँको नेता नभई बेटा (छोरा) बन्न सर्लाही आएको हुँ । तपाईँहरूले दिएको मतको सम्मान गर्दै विकास निर्माणलगायतका काममा समर्पित हुनेछु ।"

आफ्नो निर्वाचन क्षेत्रमा भएका भेटघाट तथा छलफलका क्रममा प्राप्त राय, सुझाव र अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै सर्लाहीवासीको अनुरोधपछि यहाँ आएकाले माया पाउने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा बहुजन पार्टीबाट सर्लाही क्षेत्र नं ४ अन्तर्गत प्रदेश 'ख' को प्रदेशसभाका उम्मेदवार कृष्णकुमार कुशवाहसहित गोडैता नगरपालिका वडा नं १ का वडाध्यक्ष सुजित महतो, २ का वडाध्यक्ष अजयप्रसाद शाह, ५ का वडाध्यक्ष प्रकाश गुप्ता र वडा नं ११ का वडाध्यक्ष विश्वनाथ पण्डितसहितका विभिन्न पार्टी सम्बद्ध नेता तथा कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको थियो । उहाँको यही माघ १६ गते शुक्रबार काठमाडौं फर्किने कार्यक्रम रहेको सचिवालयले जनाएको छ ।रासस

# आगामी एक वर्षभित्र "ग्रे लिस्ट"बाट बाहिरिने गरी काम गरौं: अर्थमन्त्री खनाल

काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयमा नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को 'ग्रे लिस्ट' बाट जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभएको छ ।

'सम्पत्ति शुद्धीकरण निवारणः पारदर्शिता र वित्तीय सुशासन' भन्ने मूल नारासहित आज आयोजित सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८२ का अवसरमा बोल्नुहुँदै अर्थमन्त्री खनालले तोकिएको समयभन्दा अघि नै आवश्यक सबै सुधारका काम सम्पन्न गरी आगामी एक वर्षभित्र नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले अन्तरराष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयन गर्न लागिएको नभई, आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यो प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो ।

सम्पत्ति शुद्धीकरण निवारणका लागि भइरहेका सुधार प्रयासले अतिरिक्त आर्थिक दायित्व वा अनावश्यक लागत सिर्जना नगर्ने पनि अर्थमन्त्री खनालको भनाइ थियो । विदेशी लगानी अपेक्षाअनुसार नआउनुको एक कारण वित्तीय प्रणालीप्रतिको विश्वास कमजोर हुनु रहेको उल्लेख गर्दै उहाँले सुधारमार्फत लगानी वातावरण सुधार गर्नुपर्ने बताउनुभयो ।

एफएटिएफ र एसिया प्यासिफिक ग्रुपले जनवरी २०२७ सम्ममा सुधार गर्नुपर्ने विभिन्न विषयहरू समेटेर सुझाव दिएको उल्लेख गर्दै अर्थमन्त्री खनालले पछिल्लो एक वर्षमा केही सुधार भएको र अबको एक वर्षभित्र बाँकी सबै सुधारका काम पूरा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले २०२६ को अन्त्यतिर सबै सुधार कार्य सम्पन्न हुने अपेक्षा व्यक्त गर्नुभयो ।सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्दामा अनुसन्धान, अभियोजन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिँदै अर्थमन्त्री खनालले प्रमाणसहित बलियो मुद्दा तयार गरी तत्काल सम्पत्ति जफत गर्ने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो ।

वित्तीय बजार मात्र नभई पुँजीबजारमा समेत पारदर्शितासम्बन्धी समस्या रहेको आशङ्का व्यक्त गर्दै उहाँले यही कारण माघ १ गतेदेखि रु पाँच लाखभन्दा बढीको व्यावसायिक कारोबार बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था लागू गरिएको जानकारी दिनुभयो । निजी क्षेत्रबाट यस व्यवस्थाले समस्या सिर्जना गरेको भनिए पनि नगद कारोबारको सीमा नबढाइने अर्थमन्त्री खनालले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले नेपालको वित्तीय स्वच्छता र सुशासनका लागि विश्वव्यापी रूपमा देखिएका कानुनी, नीतिगत तथा संस्थागत चुनौतीहरूलाई थप प्रभावकारी ढङ्गले



सम्बोधन गर्नुपर्ने बताउनुभयो । उहाँले हालको अवस्था चुनौती मात्र नभई आत्मसमीक्षा र थप सुधारका लागि अवसरसमेत भएको उल्लेख गर्नुभयो ।

कानुनी तथा संस्थागत सुधारका काम अघि बढिरहेका उल्लेख गर्दै मन्त्री सिन्हाले अब प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बेला आएको बताउनुभयो । ग्रे लिस्टबाट बाहिर निस्कन २०८३ माघसम्म गर्नुपर्ने कार्ययोजना तय भइसकेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा सबै निकाय र क्षेत्रले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

महान्यायाधिवक्ता सविता भण्डारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले अन्तरराष्ट्रियस्तरमा स्पष्ट नीतिगत प्रतिबद्धता जनाएको बताउनुहुँदै यस विषयलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित कानुनको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । कार्यक्रममा बोल्नुहुँदै महान्यायाधिवक्ता भण्डारीले एफएटिएफका मापदण्डअनुसार जोखिममा आधारित अनुगमन तथा नियमन प्रणाली लागू गर्नुपर्नेमा जोड दिनुभयो । परम्परागत अनुसन्धान शैली मात्र पर्याप्त नरहेको उल्लेख गर्दै उहाँले अनुसन्धान र अभियोजन प्रक्रियालाई थप प्रभावकारी, प्रमाणमा आधारित र परिणाममुखी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।उहाँले ग्रे लिस्टबाट बाहिर निस्कन महान्यायाधिवक्ताको कार्यालयबाट गर्नुपर्ने भनी तोकिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपाल ग्रे लिस्टमा रहेको अवस्थामा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूले नेपालसँगको कारोबारमा कडाइ गर्नसक्ने चेतावनी दिनुभयो । यसले देशभित्र गम्भीर सामाजिक तथा आर्थिक समस्या सिर्जना गर्न सक्ने मात्र नभई अन्तरराष्ट्रियस्तरमा नेपाली नागरिकको यात्रामा कडाइ, रेमिट्यान्स तथा अन्य अन्तरराष्ट्रिय कारोबारको लागत बढ्न सक्ने चुनौती रहेको उहाँले उल्लेख गर्नुभयो ।

ग्रे लिस्टमा पर्नु भनेको वित्तीय अपराध नियन्त्रणमा नेपालको कमजोरीका रूपमा अन्तरराष्ट्रिय समुदायले बुझ्ने भएकाले यसबाट बाहिर निस्कन प्रभावकारी सुधार अपरिहार्य रहेको डेपुटी गभर्नर मिश्रको भनाइ थियो ।

यसैगरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले सम्पत्ति शुद्धीकरण निवारण कुनै एक निकायको मात्र जिम्मेवारी नभई अर्थतन्त्रसँग जोडिएका सबै निकायको सामूहिक प्रयास आवश्यक पर्ने बताउनुभयो । उहाँका अनुसार यस क्षेत्रमा ५० भन्दा बढी सरकारी निकाय र ८० हजारभन्दा बढी सूचक संस्थाहरू संलग्न रहेका छन् ।

महानिर्देशक ठाकुरले कूल गार्हस्थ्य उत्पादनको तीनदेखि पाँच प्रतिशतसम्म आतङ्ककारी गतिविधि र अवैध कारोबारसँग सम्बन्धित हुनसक्ने जोखिम औँल्याउँदै नेपालको अर्थतन्त्र अझै नगदमा आधारित, अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो, आधुनिक प्रणालीको प्रभावकारी नियमन गर्न नसकिएको, दक्ष जनशक्ति र प्रविधिको अभाव तथा कानुन बने पनि कार्यान्वयन कमजोर रहेको समस्या रहेको बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । सञ्चित धन खर्च हुनेछ । |
| वृष : | राजनीतिक क्षेत्रमा संगठनले साथ दिनेछ। खान रुचि नहुने जोखिम छ । |
| मिथुन : | अचानक धन नास हुने जोखिम छ। खर्च गर्नु अगाडि सचेत बन्नु राम्रो हुनेछ । |
| कर्कट : | आफुले आफूलाई चिन्न नसक्दा समस्या बल्झिन सक्छ । |
| सिंह : | साथीको सहयोगमा रमाइलो गर्ने समय हो । खानपानमा सचेत बन्नु राम्रो हुन्छ । |
| कन्या : | धनलक्ष्मी योग परेको छ । लक्ष्मीप्रति भक्ति राख्नु राम्रो हुनेछ । |
| तुला : | शिक्षाको क्षेत्रमा ढिलासुस्ती बढ्नेछ । दान गरेमा मन शान्त हुनेछ । |
| वृश्चिक : | परिवारमा खटपटी बढ्ने योग छ । |
| धनु : | आजको लगानीबाट फाइदा हुनेछ । शेयर कारोबारमा फाइदा हुनेछ । |
| मकर : | लगानी गर्न अगाडि नबढ्नु राम्रो हुनेछ । एकल लगानी भने घातक हुनेछ । |
| कुम्भः | मुल त्रिकोणमा शुभग्रह बसेका छन् । लगानीका क्षेत्रमा फाइदा हुनेछ । |
| मीन : | पश्चिमको यात्रा नगर्नु राम्रो हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| | | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको औरही गाउँपालिका-६ चक्करगाउँस्थित पोखरीबाट बिक्री गर्न घोगी निकाल्दै महिला । बजारमा प्रतिकिलो रु ३०० मा बिक्री हुने उहाँ बताउनुहुन्छ । *तस्बिरः चन्द्रदेव साह*

# राष्ट्रिय मर्यादाको अपमान गरेको भन्दै कारबाहीको माग

काठमाण्डु । नेपालको राष्ट्रिय मर्यादा, राष्ट्रिय चिह्न/प्रतीक र राष्ट्रिय जनावरको अपमान गरी बाँके क्षेत्र नं ३ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार खगेन्द्र सुनारले अभिव्यक्ति दिएको आरोप लगाउँदै त्यसको छानबिन गरी कानुनी कारबाही गर्न निर्वाचन आयोगसँग माग गरिएको छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई बुधबार ज्ञापनपत्र बुझाउँदै हिन्दू जागरण नेपालले समाज भड्काउने काम गरको भन्दै छानबिन गरी कानुनी



कारबाहीको माग गरेको हो । सुनारले राजनीतिक लाभका लागि राष्ट्रियतासँग जोडिएका विषयमा गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै हिन्दू जागरण नेपालले सुनारको उम्मेदवारी खारेजीको माग गरेको हो । सुनारले राजनीतिक लाभका लागि आम मानिसमा भ्रम फैल्याउने, सामाजिक सद्भावमा असर पुर्‍याउने तथा राष्ट्रको गरिमा कमजोर बनाउने काम गरेकाले त्यसको छानबिन गरिनुपर्नेमा ज्ञापनपत्रमा जोड दिइएको छ ।

यस्ता अभिव्यक्तिले निष्पक्ष र शान्तिपूर्ण रूपामा निर्वाचनका प्रक्रिया अघि बढाउन नकारात्मक प्रभाव पार्ने भएकाले समयमै यस्ता गतिविधि रोकिनुपर्ने हिन्दू जागरण नेपालको माग छ । छानबिन गरी प्रचलित कानुन र निर्वाचन आचारसंहिताअनुसार सुनारलाई कारबाही गर्न माग गरिएको छ ।रासस

# श्रमजीवी पत्रकारको तलब सुनिश्चितता हुनुपर्नेमा महासङ्घको जोड

काठमाण्डु । नेपाल पत्रकार महासङ्घले 'नेपाल रिपब्लिक मिडिया लिमिटेड'को प्रकाशन नागरिक दैनिक पत्रिकामा कार्यरत श्रमजीवी पत्रकारले सेवासुविधा नपाएकामा चिन्ता व्यक्त गर्दै तलब सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यसहितको टोलीले सुविधा नपाएपछि विरोध, धर्ना, प्रदर्शनलगायतका कार्यक्रमसहित व्यवस्थापनका विरुद्धमा उभिनुपरेको हो । उहाँले संस्थाले सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिक नदिएको, कोभिड-१९ को बहानामा करिब ४३ महिनासम्म ५० देखि ७५ प्रतिशतसम्म तलब कटौती गरेको गुनासो गर्नुभयो ।




बुधबार नागरिक दैनिकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारीको कार्यकक्षमा तालाबन्दी गरी तत्काल पत्रकारले पाउनुपर्ने सेवासुविधा उपलब्ध गराउने सुनिश्चितता हुनुपर्नेमा जोड दिएको हो ।

तालाबन्दी गरिएको केही घण्टापछि सो प्रकाशन गृहले नेपाल प्रहरी, स्थानीय तह र सम्बन्धित पक्ष राखेर ताला खुलाएको छ । श्रमजीवी पत्रकार ऐनले तोकेको न्यूनतम पारिश्रमिक र सेवासुविधाबाट वञ्चित हुनुपरेको गुनासासहितको उजुरी प्राप्त भएपछि पत्रकारका पक्षमा उभिएको महासङ्घले स्पष्ट गरेको छ ।

नेपाल पत्रकार महासङ्घ, नागरिक प्रतिष्ठान शाखाका अध्यक्ष रघुनाथ लामिछानेका अनुसार लामो समयदेखि तोकिएको सेवा

रिपब्लिक मिडिया लिमिटेडकी अध्यक्ष शोभा ज्ञवालीले संस्थामा करिब ३०० जना पत्रकार तथा कर्मचारी कार्यरत रहेको जानकारी दिँदै तोकिएको जिम्मेवारीभन्दा पनि विरोधका कार्यक्रममा केही पत्रकार तथा कर्मचारी सरिक भएकामा दुःख व्यक्त गर्दै सम्बद्ध पक्षसँग छलफल गरी समस्या समाधान गर्न व्यवस्थापन तयार रहेको बताउनुभयो ।

उहाँले मुलुकको समग्र अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको प्रभाव सञ्चार गृहमा पनि परेको स्पष्ट गर्दै स्रोत अभावका कारण पारिश्रमिक दिन केही ढिलाइ भएपनि वास्तविक एवम् पीडित श्रमजीवी पत्रकारसहित कर्मचारीले न्याय पाउने बताउनुभयो ।रासस

# उत्पादन वृद्धि तथा किसानको आयस्तर बृद्धि हुने

काठमाण्डु । नेपालमा सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक सिँचाइ प्रणाली 'चन्द्र नहर'का संरचनालाई सुधार गरिएको छ । शताब्दी पुरानो सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको हो ।

त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको यस नहर प्रणालीबाट २८ किलोमिटर लामो मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत करिब १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ । तर लामो समयको प्रयोग र न्यून मर्मतसम्भारका कारण यस प्रणालीका धेरै संरचनाहरू जीर्ण भइसकेका थिए ।

नहरबाट हाल करिब १० हजार ५०० हेक्टर क्षेत्रमा सिँचाइ सेवा उपलब्ध भइराखेको छ भने सप्तरी जिल्लाका करिब ३५ हजार घरधुरीका कृषकहरू प्रत्यक्ष लाभान्वित हुँदै आएका छन् । 'चन्द्र नहर सिँचाइ प्रणाली' नेपालको इतिहासमै सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो ।

यसको निर्माण तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पहलमा विसं १९७९ मा सुरु भई १९८४ /८५मा सम्पन्न भएको थियो । यसको निर्माणमा 'चिफ इञ्जिनियर' का रुपमा तत्कालिन शाही सेनाका महासेनानी डिल्ली जंग थापाले नेतृत्व गर्नुभएको थियो ।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमा चन्द्र नहर सिँचाइ प्रणाली पुनःस्थापना परियोजना अन्तर्गत चन्द्र नहर सिँचाइ प्रणालीको ती प्रमुख संरचनाहरूको पुनःस्थापना तथा सुधार गरिएको हो । सप्तरीमा आज आयोजित विशेष कार्यक्रममा पुनःस्थापना तथा सुधार गरिएको संरचना जाइकाका तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ मित्र बरालले ऐतिहासिक चन्द्रनहरका संरचनालाई पुनर्निर्माण तथा सुदृढीकरण गर्न सहयोग पुर्‍याएकामा जापान सरकारलाई विशेष धन्यवाद दिनुभयो । उहाँका अनुसार जाइकाको सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्रनहरको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न भएको हो ।

नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित रहेको उल्लेख गर्दै करिब ६२




प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेको सन्दर्भमा दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणाली बिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन । यसै राष्ट्रिय आवश्यकताको परिणामस्वरूप विकास गरिएका सिँचाइ प्रणालीमध्ये चन्द्र नहर सिँचाइ प्रणाली नेपालकै पहिलो आधुनिक तथा ऐतिहासिक सिँचाइ प्रणाली हो । विसं १९७९ मा निर्माण सुरु भई विसं १९८४ र ८५ मा सम्पन्न भएको यो प्रणाली आज करिब १०० वर्ष पुरानो राष्ट्रिय धरोहरको रूपमा स्थापित छ ।

उहाँका अनुसार समयक्रममा अत्यधिक सिल्ट जम्ने, नहर चुहावट हुने, संरचनाहरू जीर्ण हुने, फ्लो कन्ट्राल संरचनाको अभाव तथा सीमित सञ्चालन तथा मर्मत क्षमताका कारण यस प्रणालीको कार्यक्षमता, विश्वसनीयता र प्रभावकारिता क्रमशः घट्दै गएको थियो । यसको असर विशेषगरी पुच्छार क्षेत्रसम्म नियमित र न्यायोचित रूपमा पानी नपुग्ने अवस्थाका रूपमा देखिन थालेको थियो ।

यही यथार्थलाई आत्मसात् गर्दै नेपाल सरकारले यस आयोजनालाई उच्च प्राथमिकतामा राखी जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजना कार्यान्वयन गरेको हो

विसं २०७३ साउन ४ गते सो आयोजना कार्यान्वयनमा आएको थियो । आयोजनाअन्तर्गत चन्द्र नहर प्रणालीका ३२ प्रमुख जीर्ण संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको छ । यसमा ७१९ दशमलव २७२ मिटरको आठ वटा क्यानल अन्डर पास, ३७४ दशमलव ३९० मिटरका नौ वटा क्रस ड्रेनेज स्ट्रकचर र १८८ दशमलव ९८३ मिटरका १५ वटा क्यानल क्रसिङ ब्रिज निर्माण गरिएको छ । हाजमा अन्दो कर्पोरेसन तथा परामर्शदाता एनटिसी इन्टरनेशनल कम्पनी लिमिटेडको प्राविधिक सहयोगमा निर्माण भएको यस परियोजनाले नहरमा पानीको चुहावट नियन्त्रणमा ठूलो सहयोग पुगेको छ ।

महानिर्देशक बरालले संरचनाको मजबुती र दिगो क्षमता बढेको, नहर सञ्चालन कार्य सहज भएको, पुच्छारसम्म नियमित रूपमा पानी पुर्‍याउन सम्भव भएको जानकारी दिनुभयो छ । उहाँले भन्नुभो"संरचना निर्माणपश्चात् धानवाली र गहुँबालीमा निर्मित संरचनाबाट प्रत्यक्ष रूपमा लाभ भएको कार्यालय तथा उपभोक्ता किसानको अनुभव रहेको छ । जलवायु परिवर्तनका कारण त्रियुगा नदीमा पानीको मात्रा घटे प्रणालीको प्रभावकारिता बढेकाले उपलब्ध पानीको अधिकतम उपयोग सम्भव भएको छ ।"

यद्यपि, हाल पुनस्स्थापना मुख्यतः मूल नहरका संरचनाहरूमा केन्द्रित भएको हुँदा शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माण पनि आगामी चरणमा अत्यावश्यक रहेको छ । सो अवसरमा उहाँले जापान सरकार तथा जाइका नेपालसमक्ष आगामी दिनमा पनि शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माणको कार्यक्रम अगाडि बढाइ सहयोग गरी दिनका लागि आग्रह गर्नुभयो ।

साथै, पानीको उपलब्धता सहज भएकाले जल व्यवस्थापन, बाली विविधीकरण, बाली व्यवसायीकरणतर्फ जानु अपरिहार्य भइसकेको छ । कन्काईमा सफल रूपमा लागू गरिएको टिसिपी पिआइएटी 'मोडल'जस्तै कार्यक्रम चन्द्र नहर क्षेत्रमा पनि अनुदान सहयोगमा लागू गर्नका लागि पनि महानिर्देशक बरालले अनुरोध गर्नुभयो । जलस्रोत तथा सिँचाइ विभागले कृषिको आधुनिकीकरण र सिँचाइ पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीमा परियोजनाहरू सञ्चालन गर्दै आएको छ ।

देशको कूल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल सङ्घीय सरकारद्वारा सञ्चालित सिँचाइ आयोजनामार्फत करिब १५ लाख ९३ हजार हेक्टर जमिनमा (६२ प्रतिशत) सिँचाइ सुविधा विस्तार भइसकेको छ । यसले प्रगति देखाए पनि अझै ठूलो क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित रहेको स्पष्ट सङ्केत गर्दछ ।

सिँचाइ सुविधा विस्तारको प्रत्यक्ष प्रभाव कृषि उत्पादनमा देखिएको छ । तथ्याङ्कअनुसार सिँचाइ पुगेको क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ र किसानहरू नगदे बालीतर्फ आकर्षित भएका छन् । यसर्थ, सिँचाइ पूर्वाधारमा लगानी गर्नु भनेको खाद्य सुरक्षा, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा लगानी गर्नु हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**जापानी इन्जिनियरिङ उत्कृष्टता**

जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्र नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ । यो जापानी इन्जिनियरिङ उत्कृष्टता र क्षमताको सुन्दर संयोजनको उदाहरण हो । यी संरचनाहरूलको पुनर्निर्माण तथा सुदृढीकरण कार्य ले समयमै पानी आपूर्ति सुनिश्चित गर्दै बहुबाली खेती प्रवर्द्धन, उत्पादन वृद्धि तथा किसानको आयस्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ ।

आर्थिक सर्वेक्षणअनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २५ प्रतिशत रहेको छ र करिब ६२ प्रतिशत परिवार अझै पनि कृषि पेशामा निर्भर छन् । त्यसैले कृषि क्षेत्रको उत्पादनशीलता वृद्धि गर्नु भनेको गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र समग्र राष्ट्रिय समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो ।

जापान सरकार तथा जाइकाले नेपालको सिँचाइ, जल उत्पन्न प्रकोप व्यवस्थापन, जलस्रोत संरक्षण, कृषि, सडक, ऊर्जा, शिक्षा र मानव संशाधन विकासमा पुर्‍याउँदै आएको सहयोग एवं योगदान अत्यन्तै प्रशंसनीय छ । चन्द्र नहर पुनःस्थापना आयोजना पनि यही नेपाल-जापान विकास साझेदारीको एक सशक्त उदाहरण हो ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी,सहसचिव सुशीलचन्द्र आचार्य, यहाँस्थित जापानी राजदूतावासका उपप्रमुख सिन्तो यासुहारु, यहाँस्थित जाइकाका देसीय निदेशक मात्सुकि मिजुकि, जल तथा ऊर्जा आयोगका सहसचिव टीकाराम बराल, जलस्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक बासु तिमल्सिना लगायतको उपस्थिति रहेको थियो ।रासस

# दलका घोषणापत्रमा नागरिकको आवाज समेटिनुपर्छ : नागरिक समाज

काठमाण्डु । नागरिक समाजहरुका अगुवाहरुले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुको घोषणापत्रमा नागरिकको आवाज समेटिनुपर्ने माग गरेका छन् ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा विभिन्न १६ नागरिक सङ्घसंस्थाका प्रतिनिधिले घोषणा पत्रमा समावेश गर्नुपर्ने १३ बुँदे विविध विषयसहितको सुझाव सार्वजनिक गरेका हुन् ।

गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष अर्जुन भट्टराईले गैरसरकारी संस्था महासङ्घको संयोजनमा नागरिक समाजका सङ्गठनहरू, सञ्जालहरू, अभियानहरू, अभियन्ताहरू तथा विभिन्न सरोकारवालाहरूको साझा आवाजका रूपमा यो नागरिक अपिल पत्र २०८२ सार्वजनिक गरी राजनीतिक दलहरूलाई




हस्तान्तरण गर्न लागिएको उल्लेख गर्नुभयो ।

उहाँले अपिल पत्रमार्फत नागरिक समाजले राजनीतिक दलहरूलाई आगामी प्रतिनिधिसभा निर्वाचन २०८२ का घोषणापत्रहरूमा नागरिकको जीवन, अधिकार र भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई स्पष्ट, प्रतिबद्धतामूलक र कार्यान्वयनयोग्य रूपमा समेट्न आग्रह गर्ने बताउनुभयो । उहाँका अनुसार देशभरि भ्रमण गरेर जनताको भावना र अवस्था बुझेर सुझाव सङ्कलन गरिएकोसमेत जानकारी दिनुभयो । उहाँले १६ संस्थाहरुले मिलेर दलहरुलाई २४ पृष्ठ लामो सुझाव दिन लागेको प्रष्ट पार्नुभयो । यसरी सुझाव दिने संस्थाहरुमा गैरसरकारी संस्था महासङ्घ नेपाल, नेपाल पत्रकार महासङ्घ, सामुदायिक रेडियो प्रचारक सङ्घ, दलित गैरसरकारी संस्था महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, बियोन्ड बेइजिङ कमिटी, जल तथा सिँचाइ उपभोक्ता महासङ्घ, सामुदायिक विद्युत् महासङ्घ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घ, राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ नेपाल, उपभोक्ता हित संरक्षण मञ्च, युवा संस्था सञ्जाल, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक महासङ्घ, नेत्रहीन सङ्घ नेपाल र महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जालले संयुक्त रुपमा राजनीतिक दलहरुलाई नागरिक अपिलसहित सुझाव सार्वजनिक गरेका हुन् ।

भदौ २३ र २४ गते सम्पन्न जेनजी विद्रोहले उजागर गरेका नागरिक असन्तुष्टि र मागहरूको पृष्ठभूमिमा, आगामी फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन २०८२ केवल नियमित निर्वाचन मात्र नभई लोकतन्त्रको दिशानिर्देश गर्ने ऐतिहासिक मोड रहेको सुझावमा उल्लेख छ ।

गैरसरकारी संस्था महासङ्घका नेपालका अध्यक्ष भट्टराईले भन्नुभयो, "विसं २०७२ मा जारी नेपालको संविधानले नागरिकलाई प्रत्याभूत गरेका मौलिक हक, समावेशी लोकतन्त्र, सामाजिक न्याय, समानता, सुशासन र समृद्धिको आकांक्षा अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन ।" उहाँले आफ्ना सुझावहरु दलहरुलाई हस्तान्तरण गर्ने पनि जानकारी दिनुभयो ।

अध्यक्ष अध्यक्ष भट्टराईले भन्नुभयो,"लोकतन्त्रको सवलीकरण, प्रशासनिक पुनःसंरचना, सिभिक स्पेसको सुनिश्चितता, मानवअधिकारको संरक्षण, सुशासन तथा भ्रष्टाचार नियन्त्रण, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, आर्थिक वृद्धि, कृषिको औद्योगिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, जलवायु न्याय, विपद् जोखिम व्यवस्थापन तथा सबै प्रकारका असमानता र विभेदको अन्त्यजस्ता विषयहरू अब राजनीतिक घोषणापत्रका ऐच्छिक 'एजेन्डा' नभई अनिवार्य दायित्व हुन् ।"रासस


# प्रहरी हिरासत र जिल्ला कारागारको अनुगमन

किमाथाङ्का । कोशी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले यहाँस्थित जिल्ला प्रहरीको हिरासत कक्षा र जिल्ला कारागारको अनुगमन गरेको छ ।

कारागारको भौतिक र मानवीय अवस्थाबारे जानकारी लिन कोशी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले अनुगमन गरेको हो । अनुगमनका क्रममा जिल्ला कारागारमा क्षमता भन्दा चार गुणा कैदीबन्दी राख्दा मानवीय व्यवहारसमेत नहुने गरेको जनाएको छ ।

अनुगमन टोलीले कारागार तथा हिरासत कक्षलाई थप सुधार गर्दै मानव अधिकार संरक्षणमा ध्यान दिन कारागार प्रशासनलाई निर्देशन दिएको छ । टोलीले अनुगमनका क्रममा कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत कक्ष तथा थुनामा रहेका व्यक्तिसँग छलफलसमेत गरेको थियो । कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी हुँदा खानेपानी, सुत्न समस्या भएको कैदीबन्दीको गुनासो छ । पालैपालो सुत्नुपर्ने बाध्यता भएको कैदीबन्दीको भनाइ छ । जेनजी आन्दोलनपछि अदालतबाट 'भिडियो कन्फेरेन्स' रोकिएकाले पुनः सञ्चालनको पहल गरिदिन आग्रह गरेका छन् ।

जिल्ला कारागारमा ५५ जना क्षमता भए पनि १५७ कैदीबन्दी राखिएका छन् । १४७ पुरूष, आठ महिला कैदीबन्दी र दुईजना आश्रित बालबालिका छन् । कारागारको क्षमता भने पुरुष ५० र महिला पाँच जना बराबरको हो । कैदीबन्दीको पुनःस्थापना र पुनः सामाजिकीकरणका लागि सञ्चालन गरिएका तालिम, सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउने छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### दादुरा रोगबाट जोगिनलाई गम्भीर बनौं

सर्लाहीमा सरोकारवाल निकाय स्वास्थ्यतर्फ संवेदनशील नदेखिदा यहाँ दादुरा रोग ह्वात्तै बढेको देखिन्छ । सर्लाहीको मलंगवा नगरपालिका-३ का एक बालकमा दादुराको लक्षण देखा परे पनि नमूना परीक्षणमा केही समय लाग्यो । तर त्यस अवधिभरमा दादुरा रोगको संक्रमण विस्तार हुन रोकिएन । केही दिन नबित्दै बालकको सम्पर्कमा आएका अन्य बालबालिकामा पनि उस्तै खाले लक्षण देखा परेको पाइएको छ । त्यसपछि पहिलो संक्रमितसंग नजिकको सम्पर्कमा रहेका ६ जना शंकास्पद बालबालिकाको नमूना संकलन गरी परीक्षण गर्दा सबै जनामा दादुरा पुष्टि सरोकारवालको भनाइ छ । मलंगवामा मात्रै अहिलेसम्म दादुराको लक्षण देखिनेको संख्या २३ पुगेको एक तथ्यांकले देखाएको छ । जसमध्ये २२ जना मुस्लिम समुदायका बालबालिका छन् । स्वास्थ्य प्रणालीले यसलाई सामान्य घटना नभइ महामारीको रूपमा नै लिएको छ । राष्ट्रिय खोप समिति तथा महामारी प्रतिकार्य संयन्त्रसंग समन्वय गर्दै मलंगवामा आपतकालीन बैठकसमेत बसेको थियो । कडा निगरानीमा संक्रमण फैलिन नदिन खोप अभियान थालिने निर्णय पनि गरियो । मदरसा जाने बालबालिकामा एउटै लक्षण देखिएपछि स्थानीय तहले निगरानीमा राखेर परीक्षण गर्दा दादुरा पुष्टि भएको देखिन्छ । डा. अभियान गौतमले जनाए अनुसार सो संक्रमण मलंगवा नगरपालिका-२, ३, ४, ८, ९ र १० नम्बर वडासम्म फैलिएको तथ्यांकबाट पुष्टि हुन्छ । स्वास्थ्य टोलीको प्रारम्भिक अध्ययनले केही महिनाअघि सीमावर्ती क्षेत्र अवस्थित भारतमा दादुराको आउटब्रेकसंग जोडिएको हुनसक्ने अनुमान लगाइएको छ । गत मंसिरमा भारतीय क्षेत्रमा दादुराको प्रकोप देखिएको र त्यहीबाट आएका व्यक्तिमार्फत संक्रमण फैलिएको आशंका गरिएको छ । सीमापार भारततर्फ दादुरा फैलिएको र त्यहाँका बालबालिका पनि मदरसामा पढ्ने गरेकाले संक्रमण सरेको हुनसक्ने प्रवल सम्भावना रहेको छ । तर यसबारे ठोस पुष्टि भने हुन सकेको छैन । संक्रमित भएका बालबालिका ६ महिना देखि ११ वर्ष उमेरसम्मका छन् । २०७९ पुसमा पनि बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-७ को एक मुस्लिम परिवारमा ५ जना बालबालिकामा दादुरा पुष्टि भएको थियो । सर्लाहीमा भने समयमै संक्रमण पत्ता लागे पनि यसको नियन्त्रणका लागि तत्काले पहलकदमी लिनुपर्ने देखिन्छ । प्रत्येक वर्ष जस्तो दादुराको आउट ब्रेक भइरहेको छ । खोप अभियान सञ्चालन गरिरहँदा पनि दादुराको आउट ब्रेक भइरहेको बताइएको छ । समुदायमा खोपप्रतिको डर हटाउन स्वास्थ्य टोलीले धर्मगुरुहरूसंग प्रत्यक्ष संवाद थालिएको छ । मौलाना र धार्मिक अगुवाहरूले खोप अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । दादुरा रोग हो । यसबाट जोगिनका लागि समयमै सर्वसाधारणहरुसमेत सचेत र सतर्कता अपनाउन आवश्यकता छ । यसका लागि अहिलेदेखि नै सरोकारवाललाई गम्भीर भइ स्वास्थ्य टोलीलाई समन्वय गरी दादुरा रोगको संक्रमण निर्मुल गर्नका लागि आ-आफ्ना ठाउँबाट अघि बढाउनुपर्ने अहिलेको आवश्यकता छ ।

# चुनौती बन्दै बैंकिङ प्रणालीमा थुप्रिएको रकम

**कृष्णराज गौतम**

अधिक तरलता व्यवस्थापन अहिले समग्र बैंक तथा वित्तीय क्षेत्रले सामना गर्नुपरेका चुनौती बनेको छ । देशका विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स क्षेत्रमा सर्वसाधारण जनताको सङ्कलन भएको निक्षेप अहिलेसम्मकै उच्च तहमा पुगेको हो । बैंकिङ प्रणालीमा लगानी गर्न सकिने करिब रु नौ खर्ब रहेको नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलले जानकारी दिनुभयो ।

ब्याजदर न्यून तहमा कायम गरिँदा पनि पनि कर्जाको मागमा अपेक्षित सुधार आउन नसकेकाले यस क्षेत्रमा चुनौती बढेको हो । बजारमा कर्जाको माग नै नभएको अवस्थामा बढ्दो जोखिमका कारण बैंकहरूले पनि लगानीमा कडाइ गर्दा निक्षेप थुप्रिन पुगेको हो । बजारमा चाहिनेभन्दा बढी लगानीयोग्य रकम बैंकहरूमा थुप्रिएकाले पनि अहिले पैसा भएर पनि राज्य गरिब भएजस्तो अवस्थामा पुगेको छ । पछिल्लो समयमा रेमिट्यान्स प्रवाहमा सुधार आएकाले निक्षेप थपिने क्रम जारी छ ।

निक्षेप अत्यधिक हुनुले बैंकहरू घाटामा जाने अथवा डुब्ने अवस्थामा नपुग्ने तर पुँजी वृद्धिमा समस्या हुने उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "अत्यधिक निक्षेप बैंकहरूका लागि चिन्ताको विषय हो तर, बैंकहरूले विभिन्न क्षेत्रमा लगानी गरेर नाफा कमाउन सक्छन् ।" केन्द्रीय बैंकले विभिन्न योजना तथा कार्यक्रममार्फत कर्जा प्रवाहका लागि व्यवसायीलाई उत्साहित बनाउने प्रयास गरिरहेको छ ।

राजनीतिक अस्थिरतासँगै उत्पन्न हुने अवस्था, विभिन्न समयमा आन्दोलन, छोटो समयमा हुने सरकार परिवर्तन तथा सरकारले अवलम्बन गर्ने नीति तथा कार्यक्रमजस्ता विषयले पनि केही हदसम्म बैंकका नियमित कार्य प्रभावित हुने गरेको पाइएको छ । यस्ता अवसरको उच्चतम् सदुपयोग गर्दै बैंक अगाडि बढ्नुपर्छ ।

बैंकले लगानी विस्तार गरी जनआकांक्षाअनुरूपका सेवा सुविधा प्रदान गरेर ग्राहकलाई सन्तुष्ट बनाउने कार्यले हुने वित्तीय गतिविधिले नै देशको अर्थतन्त्र चलायमान हुने गर्दछ । बैंकलाई आमनेपाली जनताले विश्वास गर्छन् ।

मुलुकभर ससाना एकाइमा छरिएको पुँजीलाई एकीकृत गरेर बैंकले विभिन्न उत्पादनशील क्षेत्रमा लगानी गर्ने गरेका हुन्छन् । स्थानीय स्रोतसाधनको सही सदुपयोग गरी लघुउद्यम सञ्चालन गर्न चाहने जनतालाई बैंकले सहयोग गरिरहेको छ । वित्तीय चेतनाको कमीले विगतमा ठूलठूला व्यापारी र व्यवसायीका लागि मात्रै बैंक स्थापना गरिएको हो भन्ने बुझाई समाजमा थियो । बैंक स्थापनापछि पनि वित्तीय सक्षारताको अभावमा सर्वसाधारण नागरिकले वस्तु विनिमयमार्फत कारोबार गर्ने गर्दथे । बैंकिङ कारोबारलाई सहजरूपमा लिइँदैन थियो ।

मानिसमा बचत र लगानीको महत्वलाई सचेतना फैलाउने कार्य गरेर बैंकले घरेलु तथा साना उद्योगको विकासदेखि मझौला तथा ठूला उद्योग स्थापना गर्न तथा गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सरकारको आम्दानी तथा खर्चको व्यवस्थापन, विदेशी विनिमय सेवा उपलब्ध गराउने, आयात-निर्यात व्यापारमा हिसाब राख्ने, निजी क्षेत्रका व्यवसायी तथा कम्पनीको कारोवारमा समेत बैंकले प्रभावकारी रुपमा कार्य गरिरहेको छ । जेनजी पुस्ताका प्रदर्शनका क्रममा भएका असामान्य परि स्थितिबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिमा कार्यरत कर्मचारीलाई तलब भत्तालगायतका सुविधाका लागि आधार दरमा बढीमा शून्य दशमलव ५० प्रतिशत विन्दु मात्र प्रिमियम थप गरी कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

कम्तीमा पनि एकसय महिलालाई रोजगारी प्रदान गरी निर्यातमूलक उद्योग सञ्चालन गर्ने संस्थालाई न्यूनतम् ब्याजदरमा प्रदान गरिने कर्जाले पनि तरलता केही सुधार हुने दिने अपेक्षा गरिएको छ । राष्ट्र बैंकले दिएका यी सहुलियतहरुले कर्जाको माग बढाउनुका साथै अर्थतन्त्रलाई गति दिन सक्छ । रकम पर्याप्त भएको बेला कर्जा माग नै कम भएपछि निक्षेप व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता बैंकलाई छ । कम तरलता हुँदा बजारमा प्रवाह गर्ने र बढी हुँदा तान्ने राष्ट्र बैंकले गर्ने गरेको छ । उहाँले तरलता व्यवस्थापनका लागि दुई दशमलव ६४ प्रतिशतमा उक्त नौ खर्ब रुपैया राष्ट्र बैंकले खिचेको प्रवक्त पौडेलले जानकारी दिनुभयो ।




अधिक तरलताको समयमा बैंक तथा वित्तीय क्षेत्रमा भएको पर्याप्त लगानीयोग्य रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिन्छ । बैंकहरुलाई कर्जा प्रवाह गर्ने क्षमता विकास गर्न केन्द्रीय बैंकले नीतिगत रुपमा सहयोग गर्दै आएको छ । अन्तरराष्ट्रिय परिस्थिति, नजिकिँदै गरेको चुनाव, वित्तीय सुरक्षाजस्ता विषयले कर्जाको माग विस्तारै बढ्ने उहाँले बताउनुभयो ।

तुलनात्मक रूपमा न्यून ब्याजदरमा कर्जा पाइने भएकाले व्यापार व्यवसाय विस्तार तथा औद्योगिकीकरणलगायतका अवसर भए पनि राजनीतिक अन्योलता तथा वस्तुको उत्पादन गर्दा लागत महँगो पर्ने हुँदा तरलता व्यवस्थापन हुन नसकेको हो । यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ । बैंकहरुमा निक्षेप बढ्ने तर कर्जा नबढ्ने हुँदा बैंकहरुको ब्याज खर्च बढ्न गई नाफामा कमी आउन सक्दछ । त्यसकारण पनि निक्षेपको ब्याजदर घट्न थाल्दछ । निक्षेपकर्ताहरु कम ब्याजदरमा निक्षेप बैँकमा राख्न बाध्य हुन्छन् । त्यसले गर्दा निक्षेपकर्ताको आम्दानीको स्रोतमा कमी आउँछ । लगानीयोग्य वातावरण बन्न नसक्दा कर्जाको माग हुँदैन त्यसले गर्दा लगानी अनुत्पादक क्षेत्रतर्फ प्रवाह हुने जोखिम बढाउँछ ।

अधिक तरलताले बचत घट्ने तथा अनावश्यक उपभोग बढ्ने त्यसले मूल्यवृद्धि हुने क्रम हुन्छ । त्यसैगरी राष्ट्रिय स्तरमा आयातमा वृद्धि भई अर्थतन्त्रमा नकारात्मक असर पार्छ । देशको भुक्तानी सन्तुलनमा समेत असर देखा पर्छ । यसले समग्र मूल्यस्तरमा वृद्धि ल्याउने र मुद्रास्फीतिको अवस्था ल्याउन सक्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका पूर्वप्रमुख डा रेशम थापाले जानकारी दिनुभयो ।

अधिक तरलताका कारण स्वदेशमा भइरहेको बचतको विदेशतर्फ पनि पलायन हुनसक्ने जोखिमको अवस्था ल्याउँछ । तरलता न्यून तथा अधिक हुनु दुवै वित्तीय प्रणालीमा राम्रो मानिँदैन । कर्जाको माग बढेको अवस्थामा बैंकले आफ्नो क्षमताभन्दा बढी लगानी गरेमा न्यून तरलता समस्या हुने उहाँले बताउनुभयो । कागजी प्रक्रियाबाट सुरु गरिएको बैंकिङ प्रणाली सूचना प्रविधिको विकाससँगै समयानुकूल परिवर्तन गर्दै सूचना प्रविधिको प्रयोगमार्फत सेवाग्राहीलाई आधुनिक डिजिटल बैंकिङसम्बन्धी सेवा सुविधा उपलब्ध गराउने क्षमता विकास गरेका छन् । देशभर बैंकका शाखा स्थापना भएकाले पनि यस क्षेत्रमा धेरै जनताको पहुँच स्थापित हुँदै गएको छ भने ग्राहकको सत्_या पनि बढ्ने क्रममा छ ।

चालिसको दशकमा सरकारले सुरु गरेको आर्थिक उदारीकरणको नीतिका कारण निजी क्षेत्रबाट बैंक तथा वित्तीय संस्था स्थापना तीव्र रुपमा हुन थालेको पाइन्छ । सामान्यतया कुनै पनि व्यक्ति तथा संस्थाले बैंकमा वचत गरेको वित्तीय सम्पत्ति आवश्यक परेको समयमा सजिलै झिकेर खर्च गर्नसक्ने रकममा रूपान्तरण गर्न सकिने अवस्थालाई तरलता भनिन्छ । बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानीयोग्य पुँजीका रूपमा बुझ्ने गरिन्छ ।

बैंकको दायित्व निक्षेपकर्ताको ब्याजसहित रकम मागेको समयमा फिर्ता गर्नुपर्ने हुन्छ । बैंकको नाफामुखी र सेवामुखी दुबै भएर भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

देशको अर्थतन्त्रमा तरलता, ब्याजदर र मुद्रास्फीतिको निकट सम्बन्ध हुन्छ । तरलता बढ्दा ब्याजदर घट्छ र मुद्रास्फीति बढ्ने गर्छ । तरलतामा सङ्कुचन आयो भने ब्याजदर बढ्छ र मुद्रास्फीति कम हुन्छ । वित्तीय प्रणालीमा नाफा आर्जनका लागि तरलता व्यवस्थापन महत्वपूर्ण हुन्छ ।

तरलता व्यवस्थापनका लागि सर्वसाधारणले बैंकमा राखेको निक्षेप, बैंकहरूले केन्द्रीय बैंकमा राख्ने गर्दछन् । अर्थात् राष्ट्र बैंक केन्द्रीय बैंक भएकाले तरलता व्यवस्थापन गर्ने उद्देश्यले समग्र वित्तीय प्रणालीलाई गतिशील बनाउन सो रकम राख्ने गर्दछ र निश्चित रकम व्याजका रुपमा सम्बन्धित बैंकलाई दिने गर्दछ । बैंकमा व्यक्ति तथा विभिन्न सङ्घसंस्था, कम्पनी, संस्थान आदिबाट सङ्कलन हुन आएको रकम चल्ती, मुद्दति तथा निक्षेप खातामा जम्मा भएका हुन्छन् । तरलता असन्तुलनका कारण अर्थतन्त्रमा समस्या नआओस् भन्ने उद्देश्यले केन्द्रीय बैंकले तरलताको व्यवस्थापन गर्ने काम गर्दछ । केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थालाई निक्षेपको ९० प्रतिशतसम्म कायम गर्न पाउने सुविधा दिएको छ । कर्जा/निक्षेप अनुपात पनि भनिन्छ । राष्ट्र बैंकले बजारमा धेरै तरलता भए प्रशोचन गर्ने र कम भए प्रवाह गर्ने गर्दछ । राजनीतिक अस्थिरता र लगानीयोग्य वातावरणको अभावका कारण कर्जाको माग बढेको छैन । यसले गर्दा बैंक तथा वित्तीय संस्थामा थोरै ब्याजदरमा पनि निक्षेप राख्न स्थिति छ ।

सरकारले जेनजी प्रदर्शनको क्रममा प्रभावित उद्योग र व्यवसायीलाई सहुलियत ऋण तिर्ने समयावधि थप गरेको छ । यसले कर्जा लिएर भुक्तानी गर्नसक्ने अपेक्षा राखिएको छ । सहुलियतपूर्ण कर्जा र जसले कर्जा लिएर भुक्तानी गर्न नसक्नेका लागि राष्ट्रियस्तरमा खडा हुने पुनर्निर्माण कोषबाट प्रदान गर्ने भएको छ । यसले पनि तरलता व्यवस्थापनमा सहयोग पुग्ने अर्थशास्त्री राधेश्याम मालाकारले बताउनुभयो । सरकारले पुनर्निर्माणका लागि पुनर्निर्माण कोष खडा गरिसकेको छ ।

जेनजी प्रदर्शनको क्रममा सृजना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्नको निमित्त नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरुले विभिन्न किसिमका राहत सुविधाका कार्यक्रम सुरु गरिसकेको छ यसले बजारमा कर्जाको माग बढाउने र अर्थतन्त्र चलायमान हुने अपेक्षा गरिएको छ ।

आन्दोलनको कारण भएको तोडफोड र आगजनीबाट भएको क्षति पुनर्निर्माण गर्दा कर्जाको माग बढ्ने व्यवसायीको धारणा छ । पुनःरुत्थानको लागि वित्तीय प्रणालीमा थुप्रिएको रकम उपयोग हुने विश्वास छ । निक्षेप बढ्ने तर कर्जा लगानी नबढ्ने हो भने बैंकहरुको ब्याज खर्चका कारण मुनाफामा कमी आउने तथा सम्बन्धित शेयरधनी पाउने लाभांश पनि प्रभावित हुन जानेछ ।

## महिला जनप्रतिनिधिका पीडा :

# "अवसर पायौं, जिम्मेवारी पाएनौं"

**रामचन्द्र रायमाझी**

"जनताको सेवा गर्न भनेर चुनाव जितेर त आइयो तर हामी महिला सदस्यको कुनै भूमिका नै छैन" तानसेन नगरपालिका-२ की मञ्जु रणपालले भन्नुभयो, "जनताको गुनासो र काम लिएर नगरपालिका र वडा कार्यालयमा जाँदा हाम्रो कुरा सुनिदैन ।"

जनताले आफूहरुलाई जिताएर नै पठाएका हुन् तर बैठकमा केही कुरा राख्दा पुरुष जनप्रतिनिधिले सरकारले नै तिमीहरूलाई केही अधिकार दिएको छैन भनेर टारिदिने गरेको उहाँ बताउनुहुन्छ । आफूहरु बजेट र कानुन पास गर्ने बेलामा ताली बजाउन मात्र साक्षीका रूपमा सहभागी हुने गरेको उहाँको गुनासो छ । कानुनमा दलित महिला प्रतिनिधि राख्नुपर्ने प्रावधानलाई पालना गरेको देखाउन मात्र आफूहरु राखिएको अनुभूति भइरहेको रणपालको बुझाइ छ ।

उहाँले दलित महिला जनप्रतिनिधि भएकै कारण दलितहरुको पक्षमा काम गर्न नपाएको बताउनुभयो । संविधान र कानुनमा दलित र महिलाका लागि अनेकथरी व्यवस्था भए पनि व्यवहारमा त्यो लागू गर्न बजेट नहुने गरेको उहाँको भनाइ छ । अर्की दलित महिला सदस्य मञ्जु विकलाई तीन वर्षअघि धेरै काम गर्न सक्छु भन्ने लागेको थियो । काम गर्ने उत्साह पनि थियो तर तीन वर्षको उहाँको अनुभव भन्छ, "अवसरले मात्रै नपुग्दो रहेछ, जिम्मेवारी पनि दिइनुपर्दो रहेछ । उहाँ महिलालाई अवसरसँगै कार्यस्थलमा काम गर्ने वातावरण बनाउनुपर्ने बताउनुहुन्छ ।

तानसेन-६ की दलित महिला सदस्य सुस्मिता गहतराजको गुनासो उस्तै छ । वडा कार्यसमितिको बैठकमा आउने, टोलमा केही गतिविधि भए जानेबाहेक अरू त्यस्तो काम केही नभएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "वडाध्यक्षको जिम्मेवारी नै धेरै देखिन्छ । अध्यक्षले खटाएको काम गर्ने हो । कतै कार्यक्रम भए अध्यक्षले जानुस् भनेपछि जान्छु,सुरुमा त कार्यक्रममा जाँदा आफ्नै परिचय दिन पनि अप्ठ्यारो लाग्थ्यो ।"

दलित समुदायको प्रतिनिधित्व गरेर निर्वाचित हुनुभएकी तानसेन-१३ की दलित महिला सदस्य बसुन्धरा दमाइलाई वडामा के योजना आयो ? बजेट के कस्तो छ ? भनेर सोध्नेहरू पनि प्रशस्तै छन् तर बजेट छुट्याउने, योजना छुट्याउने ठाउँमा उहाँको पहुँच छैन । "भोट माग्ने, हामीलाई योजना नदिने भनेर गुनासो त गर्छन् तर हामी पनि जिम्मेवारी केही पाएनौं भनेर गुनासो नै गरिरहेका छौं", उहाँले भन्नुभयो । आफूले प्रतिनिधित्व गरेको वर्ग र समुदायका लागि केही गर्न नसकिएको उहाँको गुनासो छ । "अहिले गाउँमा जाँदा हरेकका गुनासो मात्रै सुन्नुपर्छ", उहाँले भन्नुभयो, "बैठकमा कुरा उठायो भने महिला दलितका लागि आउने अलिकति बजेट छुट्याउँछौं । अरू किन चाहियो भन्छन् ।"

तानसेन-७ की दलित महिला सदस्य मीना परियारले वडाध्यक्ष र अन्य सदस्यलाई दिएको मत एउटै भए पनि सदस्यहरुलाई खासै भूमिका नदिँदा आफूहरु ओझेलमा परेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "हामी आफैँले पनि आफ्नो जिम्मेवारी माग्न सकेका छैनौं, उनीहरुले तिम्रो जिम्मेवारी यो हो, यो काम गर भनेर भनेका छैनन् ।" वडाध्यक्षले दिएका जिम्मेवारी भने आफूहरुले इमान्दारिताका साथ पूरा गर्दै आएको उहाँको भनाइ छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको वडा समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गरे पनि निर्वाचित महिला जनप्रतिधि भने व्यवहारमा भूमिकाविहीन बन्दै गएका छन् । स्थानीय सरकार सञ्चालन ऐनमा वडा समितिले वडाभित्रको योजना तर्जुमा कार्यान्वयन, अनुगमन गर्ने, तथ्याङ्क अद्यावधिक र संरक्षण गर्ने, स्थानीय तहको विकास कार्यमा संलग्न हुने, वडाभित्रका विकास निर्माणको काम र उपभोक्ता समितिको नियम गर्ने व्यवस्था गरिएको छ । ती कामका लागि वडा समितिले आवश्यकताअनुसार वडा सदस्यलाई जिम्मेवारी प्रदान गर्नुपर्छ तर पुरुष जनप्रतिनिधिले जिम्मेवारी नदिंदा कार्यपालिकाको कार्यमा महिला जनप्रतिनिधिहरू साक्षी मात्र बन्नु परेको हो ।

नगरप्रमुख सन्तोषलाल श्रेष्ठले भने स्थानीय सरकारमा महिलाहरूको उपस्थिति मात्र नभई निर्णय प्रक्रियामा पनि सहभागी गराउने गरिएको दाबी गर्नुभयो । योजना छनोटदेखि वडामा हुने हरेक क्रियाकलाप र बजेटबारे सबै सदस्यहरूलाई जानकारी गराउने गरेको तानसेन नगरपालिका-६ का वडाध्यक्ष सागरमान महर्जनले बताउनुभयो । "कार्यवाहक दिँदा सबैलाई समानुपातिक किसिमले दिने गरेको छु, हामी कहाँ हुनुभएका तीनै जना महिला वडा सदस्य र पुरुष सदस्यलाई आलोपालो गरेर कार्यवाहकको जिम्मेवारी दिइन्छ । सबै सदस्यहरूसँग सल्लाह गरेर नै वडामा हुने गतिविधि सञ्चालन




हुन्छन्," उहाँले भन्नुभयो । कानुनले दलित महिलाको सहभागिता सुनिश्चित गरे पनि अर्थपूर्ण सहभागिताको अभाव देखिएको मानवअधिकारकर्मी सन्तवीर बराल बताउनुहुन्छ । राज्यको मूल प्रवाहमा समावेश गराउनका लागि सशक्तीकरण गर्ने, आफ्नो भूमिका तथा अधिकारको दाबी गर्न महिलाहरु नसकेको उहाँको भनाइ छ । कानुनले त अधिकार दिएको छ तर उहाँहरुको क्षमता अभिवृद्धि गर्ने, उहाँहरुको सशक्तीकरणमा कुनै पनि स्थानीय तहले ध्यान दिएको पाइँदैन । पालिकाका प्रमुख/अध्यक्ष, वडाध्यक्षहरुले उहाँलाई नीति निर्माण तहको छलफल गराउने, योजना निर्माणमा सहभागी गराउने तथा नेतृत्व विकास गर्ने कार्यक्रममा सहभागी गराउन सके दलित महिला प्रतिनिधिहरुले आफ्नो भूमिका कार्यान्वयनमा आएको अनुभूति गर्ने उहाँको भनाइ छ ।

**'अवसर पाए नेतृत्व गर्न सक्छौं'**

यहाँका महिला जनप्रतिनिधिले अवसर पाए प्रमुख पदमा नेतृत्व ग्रहण गर्न आफूहरु सक्षम रहेकोसमेत बताउने गरेका छन् । "हामी महिला जनप्रतिनिधिहरु विषयबस्तु माथि सही निर्णय र कार्यान्वयन गर्न दक्ष र क्षमतावान छौं तर पनि पटक-पटक विषयगत समितिको संयोजक माग गर्दा पनि जिम्मेवारी नपाउँदा दुःख लागेको छ", तानसेन-२ की महिला सदस्य सविता भट्टराईले भन्नुभयो । जिम्मेवारी दिएमा पुरुषले भन्दा राम्रो काम गरेर देखाउँथ्यो तर जिम्मेवारी नपाउँदा अन्याय भएको कार्यपालिका सदस्य मञ्जु विकको भनाइ छ ।

नगरपालिकाको ७३ जनाको जनप्रतिनिधिहरुको निर्वाचित बोर्ड संरचनामध्ये उपप्रमुखसहित ३३ जना महिलाहरुको सत्_या रहेको छ । चौध वटा वडाबाट महिला र दलित गरी २८ जना महिला निर्वाचित भएका छन् । एक जना दलित महिलालाई नगरपालिका बोर्डले कार्यपालिका सदस्यमा मनोनीत गरेको छ । यहाँ ३३ जना महिलामध्ये खस आर्यमा आठ जना, जनजातिमा आठ जना र दलित १७ जनाको प्रतिनिधित्व छ । यहाँ ३३ जना महिला जनप्रतिनिधिमध्ये एक उपप्रमुखसहित छ जना कार्यपालिका सदस्य रहेका छन् । छ जना कार्यपालिका सदस्यमध्ये, तीन जना दलित, तीन जना ब्राम्हण, क्षेत्री रहेका छन् । छ जना महिला कार्यापालिका सदस्यहरु प्रायः कार्यपालिकाको बैठकमा उपस्थित हुने गरेका छन् । नगरका ३१ जना महिला जनप्रतिनिधिले भने वडामा कार्यवाहक प्रमुख तथा निमित्त प्रमुखको कुशलतापूर्वक जिम्मेवारी समाल्दै आएका छन् । हाल वडा सदस्यको जिम्मेवारीमा रहेका केही महिला जनप्रतिनिधिहरुले आगामी निर्वाचनमा वडाध्यक्षको उम्मेदवारी दिने सोचमा रहेको बताएका छन् ।

द एशिया फाउण्डेशनको सहयोगमा दलित महिला केन्द्र नेपालले प्रभावकारी र समावेशी स्थानीय सरकार सवलीकरण कार्यक्रमअन्तर्गत यहाँका महिला जनप्रतिनिधिलाई 'मेण्टरिङ'सम्बन्धी प्रशिक्षण दिदै आएकाले पनि यहाँका महिलाहरु जिम्मेवारीप्रति सचेत हुँदै आएको पाइन्छ । नगरका विभिन्न वडामा ' महिला जनप्रतिनिधिलाई आफ्नो जिम्मेवारी, भूमिका, काम, कर्तव्य र अधिकारका बारेमा सचेत गराउँदै आएको केन्द्रकी कार्यक्रम अधिकृत निर्मला शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "काम गर्ने सिलसिलामा आइपरेका समस्याका बारेमा नियमित प्रशिक्षणमार्फत आफ्नो जिम्मेवारी र भूमिका स्पष्ट पार्छौं । यसले गर्दा कार्यसम्पादनमा सहजता हुँदै आएको छ र महिला जनप्रतिनिधिहरु आफ्नो जिम्मेवारीप्रति सजग हुनुहुन्छ ।"

महिला सदस्य सुनिता श्रेष्ठलाई निर्वाचित हुँदा आफ्नो भूमिका र जिम्मेवारीप्रति पूर्णरुपमा जानकारी थिएन । श्रेष्ठ महिला जनप्रतिनिधिको भूमिका, जिम्मेवारी तथा नेतृत्व विकाससम्बन्धी प्रशिक्षणमा सहभागी भएपछि भने अहिले जिम्मेवारीप्रति सजग हुनुहुन्छ । "जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारका बारेमा पूर्ण ज्ञान थिएन", उहाँले भन्नुभयो,"जब महिला जनप्रतिनिधिको भूमिका र जिम्मेवारीसम्बन्धी प्रशिक्षणमा सहभागी भई ज्ञान पाएपछि निकै सहज भएको छ ।" कुन विषय कहाँ उठाउने, कसरी उठाउने, योजना कसरी माग गर्ने, योजना निर्माण, बजेट निर्माण, कार्यान्वयन, फरफारक गर्ने प्रक्रियाका बारेमा अहिले धेरै कुरा थाहा भएको उहाँको भनाइ छ ।

खासगरी स्थानीय तहमा संविधानले नै अनिवार्य गरेको हुँदा महिलाको प्रभावशाली उपस्थिति रहेको छ । संविधानतः कुनै पनि राजनीतिक दलले प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिँदा एक जना अनिवार्य महिला हुनुपर्छ । यद्यपि, यसमा पनि दलहरुले प्रमुखमा महिलालाई कमै विश्वास गरेका छन् र अधिकांश उपप्रमुखमै खुम्च्याइएका छन् । तर, महिला जनप्रतिनिधिहरुको कार्यसम्पादन पुरुषको भन्दा कमजोर नभएको बरु उनीहरुले पुरुषलाई पनि उछिनिरहेको वस्तुगत यथार्थ हो ।

# निर्वाचनका लागि पाँच हजार बढी सुरक्षाकर्मी परिचालन गरिने



दाङ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्लाको सुरक्षा अवस्थालाई चुस्तदुरुस्त पारिएको छ । निर्वाचनलाई मध्येनजर गरी यहाँका मतदानस्थललाई सुरक्षा विश्लेषण गरी अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा वर्गीकरण गरिएको हो । वर्गीकरणका आधारमा मतदानस्थलको सुरक्षाको प्रबन्ध मिलाइएको सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनलाई लक्षित गरी एकीकृत सुरक्षा योजना-२०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।


मुख्यगरी मतदान पूर्व, मतदान हुँदा र मतदानपछिको सुरक्षाबारे योजनाबद्ध काम थालिएको प्रजिअ अर्यालले जानकारी दिनुभयो । उहाँले विगतका घटनाको विश्लेषण, भौगोलिक विकटता, मतदाता सङ्ख्या, जेनजी आन्दोलनपछिको अवस्थालगायत सुरक्षा विश्लेषण गरी जिल्लामा सोही अनुरुपको सुरक्षा प्रबन्ध मिलाइएको बताउनुभयो । प्रजिअ अर्यालका अनुसार दाङमा १५९ मतदानस्थल र ४८२ मतदान केन्द्र रहेका छन् । तीमध्ये १३४ संवेदनशील, १६ अतिसंवेदनशील र नौ वटा सामान्य मतदानस्थल रहेका जनाउँदै सोही बमोजिम सुरक्षा व्यावस्था मिलाइएको बताउनुभयो ।

प्रजिअ अर्यालले भन्नुभयो, "त्यसैगरी गस्ती, पेट्रोलिङ, सूचना सङ्कलन, सामाजिक सञ्जालका सामग्री र भ्रामक समाचारको निगरानी थालिएको छ ।" उहाँका अनुसार निर्वाचनमा नेपाली सेनाका ६०९, सशस्त्र प्रहरीका ४६९, नेपाल प्रहरीका एक हजार ३८१, निर्वाचन प्रहरीअन्तर्गत नेपाल प्रहरीका दुई हजार ४१५ र सशस्त्र प्रहरीका ३०३ तीन गरी जिल्लामा पाँच हजार १७७ सुरक्षाकर्मी परिचालन हुनेछन् । चुनावी कार्यक्रम, उम्मेदवारको घरदैलो, मतदाता, मतदानस्थल, सहज मतदान र मतपेटिका र मतगणनास्थलको सुरक्षा गर्न सुरक्षा रणनीति तयार गरी लागू गरिएको छ जनउँदै प्रजिअ अर्यालले कतै एकल कतै संयुक्त सुरक्षा गस्ती भइरहेका उल्लेख गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख दीपककुमार श्रेष्ठले निर्वाचनलाई मध्येनजर गरी जिल्लाको सुरक्षा अवस्थालाई सुदृढ पारिएको बताउनुभयो । उहाँका अनुसार जिल्ला कमाण्ड पोष्ट, निर्वाचन सेल निर्माण गरी कार्यान्वय भइसकेका छन् । त्यसैगरी निर्वाचनमा खटिने निर्वाचन प्रहरीको नतिजा सार्वजनिक गरी प्रशिक्षणको तयारी गरिएको उहाँले जानकारी दिनुभयो । दाङमा कूल चार लाख ३१ हजार ६८७ मतदाता रहेका प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुँवरले जानकारी दिनुभयो ।रासस

## उम्मेदवारका फरक फरक प्रचार शैली :

# कतै प्रशंसा, कतै आलोचना




काठमाण्डु । "यो मान्छेले केही गर्ला जस्तो छ भन्ने लाग्छ छ भने मलाई भोट दिनुस् । के गर्ला जस्तो लागेन भने भोट नदिए पनि हुन्छ । म मलाई भोट दिनुस्, जितेपछि यसो गर्दिन्छु, उसो गर्दिन्छु भनेर लम्पसार चाहीँ पर्दिनँ । तर काम गर्न छोड्दिनँ," आशन्न प्रतिनिधिसभा सदस्यका लागि म्याग्दीका स्वतन्त्र उम्मेदवार महावीर पुनले यस्तै प्रकारले मतदातामाझ आफूलाई प्रस्तुत गर्दै आउनुभएको छ । उहाँका यस्ता प्रस्तुति र शैलीहरू आफैले सामाजिक सञ्जालमा नियमित सम्प्रेषण गरिरहनुभएको छ ।

पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पुनले चुनाव प्रचारकै क्रममा कहिले सार्वजनिकस्थलमा पत्रकार सम्मेलन, कहिले नदीमा आफैँले माछा मार्दै गरेका दृष्य र कहिले हिमाली क्षेत्रको भिडियोहरू सार्वजनिक गर्दै आउनुभएको छ । त्यसो त, उहाँको उम्मेदवारी दर्ता नै अचानाक जस्तो भएको देखिएको थियो । चुनाव गराउने जिम्मेवारीमा रहेको सरकारका मन्त्रीबाट राजीनामा दिएर चुनावमा प्रतिस्पर्धी भएको विषयमा उहाँमाथि आलोचना भयो । 'शिक्षा सुधारका लागि तयार गरिएका अध्यादेशहरू' ल्याउन नसकेकाले मन्त्रीबाट हटेको बताउने पुनले सरकारबाट भागेको भन्ने आलोचनालाई स्वीकार्दै आफू मैदानमा रहेको जनाउँदै आउनुभएको छ । पुनले मतदातासँग पुगेर आफ्नो पुस्तक बेचेको विषयमा निर्वाचन आयोगका उजुरी परेपछि उहाँले त्यो कामलाई स्थगन गर्नुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नुवाकोट क्षेत्र नं. २ का उम्मेदवार अच्युत लामिछानेले मतदाताको पुगेर खुट्टामै ढोगेको र मतदाताले खुट्टा हटाउन खोज्दा लामिछानेको निधार भुइँमै परेको दृष्य सार्वजकि भयो । मतदातासमक्ष विनयी र नजिक हुनु उम्मेदवारको परिचय असल परिचय हो तर बढी भयो कि भन्ने टिप्पणीहरू पनि आए । उम्मेदवार लामिछानेले 'नेपालीको असल संस्कारलाई कायम राख्न' त्यसरी प्रस्तुत भएको प्रतिक्रिया दिनुभयो ।

नेपाल कांग्रेसका बझाङका उम्मेदवार प्रकाश रसाइली स्नेहीले चुनावी यात्राका क्रममा बझाङको माटो टेकेपछि भुइँमा ढोगेर जिल्लाको ममता प्रदर्शन गर्नुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रामेछापका उम्मेदवार माधव ढुङ्गेलले मतदाताको घरमा पुगेर मोही पार्दै गरेको दृष्य चर्चामा आएको छ । आमजनता पार्टीबाट रौताहट क्षेत्र नं ४ का उम्मेदवार ऋषि धमलाले मतदातामाझ पुगेर उखु बोकेको, जेरी पकाएको र ट्र्याक्टरमा बसेर बोलेका दृष्य सार्वजनिक भए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय र नियमित चासोका रूपमा हेरिएका उम्मेदवारहरू झापा क्षेत्र नं ५ का एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह तथा सर्लाही क्षेत्र नं ४ उम्मेदवार नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र रास्वपाका डा अमरेश सिंहका राजनीतिक गतिविधि आमरूपमा स्थान पाएका छन् ।

रुकुमपूर्वमा उम्मेदवार रहनुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलो चरणमा जिल्ला घुमेर हाल काठमाडौँमा रहनुभएको छ । एमाले अध्यक्ष ओली झापाको करिब एक साता बसेर हाल भक्तपुरमा हुनुहुन्छ भने नेता बालेन पूर्वी पहाडी जिल्लाबाट फर्किएर अहिले सुदुरपश्चिमका पहाडी जिल्लामा पुग्नुभएको छ ।

निर्वाचनकै क्रममा बाँके क्षेत्र नं. ३ का उम्मेदवार रहेका रास्वपका खगेन्द्र सुनारको धार्मिक संवेदनशीलतासम्बन्धी पुरानो अभिव्यक्तिलाई अहिले विवादमा ल्याइएको छ । उम्मेदवार सुनाले आफूले त्यसरूपमा नबोलेको प्रतिक्रिया दिए उहाँमाथि हिन्दू धर्ममा आस्था राख्नेहरूले आलोचना गर्न थालेका छन् ।

प्रचार शेली आआफ्नै देखिए निर्वाचनका लागि यही माघ ६ गते भएको उम्मेदवारीको मनोनयनपत्र दर्तायता राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिता, २०८२ को गम्भीर उल्लङ्घन गरेको भने पाइएको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार यसबीचमा १५ व्यक्ति र संस्थालाई आचारसंहिता उल्लङ्घनका विषयमा स्पष्टिकरण सोधिएको र आचारसंहिता अनुगमनका लागि संयन्त्र बनाएको बताउनुभयो ।

आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष पारदर्शी एवं विश्वासनीय तुल्याउन जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । यसका लागि जिल्लाहरूमा सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको छ । सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयको जिम्मेवारी दिइएको छ। प्रमुख कोष नियन्त्रक, कोष नियन्त्रकहरूलाई आर्थिक विषयसँग सम्बन्धित विषयमा फरकफरक कार्य गर्ने जिम्मेवार ीसहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । तोकिएका आचारसंहिता अनुगमन अधिकृतले राजनीतिक दल, उम्मेदवार र विभिन्न पक्षबाट हुन सक्ने उल्लङ्घका विषयलाई जानकारीमा राखी कारबाहीका लागि सिफारिस गर्न सक्नेछ ।रासस

# चुनावी मैदानमा हार्दिकता प्रस्तुत गर्दै उम्मेदवार



काठमाण्डु । एक-अर्को दलका उम्मेदवारबीच आरोप-प्रत्यारोपसहित 'बोलचाल बन्द' को स्थितिबाट निर्वाचनमा होमिने गरेका राजनीतिक दल र उम्मेदवारमा यस पटक भने हार्दिकता देखिएको छ । विसं २०६२/६३ को परिवर्तनपछि कुनै न कुनै रूपमा हुँदै आएको चुनावी तालमेल र मिलिजुली सरकार गठन गर्ने परिस्थितिले पनि एक-अर्काप्रति नजिक्याएकाले पनि हार्दिकता प्रकट गर्ने वातावरण बनाएको अनुमान गरिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी सिन्धुली निर्वाचन क्षेत्र नं २ का उम्मेदवार लेखनाथ दाहाल एकअर्को दलको नेता तथा कार्यकताप्रति समेत हार्दिकता देखिँदा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मर्यादित र मितव्ययी तुल्याउन सहयोग पुग्ने धारणा राख्नुहुन्छ ।उहाँ भन्नुहुन्छ, "नेता तथा कार्यकर्ताबीचको हार्दिकता र शालिनताले चुनावी वातावरण सहज तुल्याउँछ । निर्वाचनलाई खर्चका हिसाबले विशिष्टिकृत नतुल्याइ सामान्य बनाउन जनतामाझ पुगेर अन्तरसंवाद गर्ने, विश्वास दिलाउने र मत माग्ने कार्य गर्नु नै असल अभ्यास हो ।"

उहाँका अनुसार राजनीति सङ्लिँदै गएकाले विगतमा पार्टी कमिटीमार्फत जनतामा पुग्ने गरेको उम्मेदवार अहिले प्रत्यक्ष जनता सहभागी हुने परिस्थिति बनेको छ । भिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताले समेत अरु उम्मेदवारको विचार सुन्ने र बुझ्ने वातावरण मिलेको छ । यसले लोकतान्त्रिक राजनीति संस्कारको विकास भएको देखाउँछ ।

"अर्कातर्फ ग्रामीण बस्तीमा प्रभाव कम भए पनि निर्वाचनलाई मितव्ययी बनाउन 'डिजिटल प्लेटफर्म' प्रयोग गर्न सकिन्छ । जनताले पनि सामाजिक सञ्जालमा कसको उपस्थिति राम्रो रहेछ भनी यकिन गरी त्यसैका आधारमा मूल्याङ्कन हुन थालेको अनुमान गर्न सकिन्छ", पूर्वसांसद दाहालले भन्नुभयो ।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मीनेन्द्र रिजाल निर्वाचनको अत्यन्त प्रारम्भिक चरणमा रहेकाले आगामी दिन कसरी अघिबढ्ने भन्ने अहिले नै आकलन गर्न बाँकी नै रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सूचना प्रविधिको प्रयोग गर्नुपर्छ भन्ने ठूलो चेतना छ, तर त्यसको प्रयोग कतिको प्रभावकारी हुन्छ ? मतदाता र उम्मेदवारको भेटघाटको सट्टामा काम गर्छ, अहिलेको आकलन गर्न सकिन्न ।"

सहरी क्षेत्रमा सामाजिक सञ्जालको प्रयोग महत्त्वपूर्ण हुने उल्लेख गर्दै नेता रिजालले गाउँघरमा भने मतदाता उम्मेदवारलाई देख्न र भेट्न चाहने बताउनुभयो । उहाँले मोरङ क्षेत्र नं २ बाट उम्मेदवारी दिनुभएको छ ।त्यसैगरी गुल्मी निर्वाचन क्षेत्र नं १ मा एमाले नेता प्रदीप ज्ञवाली र कांग्रेस नेता चन्द्र भण्डारीले त्यसखाले संस्कार प्रस्तुत गर्दै आउनुभएको थियो । यस्तै झापामा माओवादी नेता राम कार्की र कांग्रेस नेता विश्वप्रकाश शर्माले पनि एकअर्काप्रति लोभलाग्दो सम्मान व्यक्त गर्दा सबैबाट प्रशंसा भएको थियो ।

नेकपा (एमाले) सर्लाही क्षेत्र नं ३ का उम्मेदवार हरिप्रसाद उप्रेती निर्वाचन प्रचारप्रसारमा सामाजिक सञ्जाल र प्रविधिको प्रयोग बढेको प्रतिक्रिया दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कतिपय उम्मेदवारको स्वभावमा पनि भरपर्ने भएकाले हार्दिकताको विषय त्यससँग जोडिन्छ । तर असल राजनीतिक संस्कार अघि बढेको छ, जसले समाजलाई सकारात्मक सन्देश प्रवाह गरेको छ ।"

पूर्वमन्त्री उप्रेतीका अनुसार, चुनावमा खर्च गर्ने प्रवृत्तिमा सुधार आवश्यक छ । गाउँ र समाजको संरक्षण गरेर बसेका निष्ठावान्, सम्पत्ति नभएका मानिस प्रतिस्पर्धा गर्न पाउनुपर्छ । त्यस्ता व्यक्ति नीति निर्माण तहमा पुग्नुपर्छ । राज्यले त्यस्तो वातावरण गर्न सकेन भने राज्य ठीक ढङ्गले अघि बढन सक्दैन । मुख्य कुरा निर्वाचनमा खर्च गर्न नपर्ने प्रणालीको विकास गर्नुपर्ने छ ।

राष्ट्रिय जनता दल नेपालका तर्फबाट सर्लाही क्षेत्र नं १ का उम्मेदवार रामप्रकाश चौधरी यसअघिको निर्वाचनमा एक अर्कालाई देखे/नदेखेजस्तो गर्ने प्रवृत्ति अहिले आफूले महसुस नगरेको बताउनुहुन्छ । "पहिलेजस्तो तनाव र पानी बाराबारको स्थिति अहिले छैन, हार्दिककता साटासाट गरेर नै चुनावी माहोल अघि बढिरहेको छ । विगतको जस्तो जुलुस लिएर घर दैलो गर्ने कार्य निकै कम छ", उहाँले भन्नुभयो, "जनताका केही गुनासो छ । पाँच वर्षका लागि पठाएको किन फर्केर आएको भन्ने प्रश्न सुन्न परेको छ ।"

जिल्लाका मतदाता प्रविधिसँग अभ्यस्त नभइसकेकाले सम्पूर्ण चुनावमा प्रविधिमय भइहाल्छ भन्ने हुन्न । सहरी क्षेत्रमा यसको सदुपयोग र दुरूपयोग दुवै छ । असल अभ्यासलाई आत्मसात् गर्नुपर्छ तर प्रविधिको प्रयोगको पाटोमा जाँदा त्यसमा पनि खर्च गर्नुपर्ने अवस्था छ ।

नागरिक उन्मुक्ति पार्टी नेपालकातर्फबाट बर्दिया निर्वाचन क्षेत्र नं १ का उम्मेदवार अब्दुल खान जिल्लाका सबै निर्वाचन क्षेत्रमा भाग लिने राजनीतिक दल र उम्मेदवारबीच सौहार्दता रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "एकले अर्काप्रति आरोप प्रत्यारोप नगरी जनता नै सर्वोपरि हुन् भन्ने भावनाले मतदाता भेटघाट चलाएको र निर्वाचनको तयारीमा जुटिरहेको अवस्था छ ।"रासस

# अन्तरिम सरकारका मन्त्री चुनावी मैदानमा उत्रिएका भन्दै सांसदद्वारा आलोचना

काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकमा सदस्यहरूले अन्तरिम सरकारमा कतिपय मन्त्री चुनावी मैदानमा होमिएका भन्दै टिप्पणी गर्नुभएको छ । बैठकमा विशेष समयमा सांसदहरूले वर्तमान अन्तरिम सरकारका चार जना मन्त्रीले जिम्मेवारी छाडेर प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिएको विषयमा असन्तुष्टि जनाउनुभएको हो ।

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषद्का चार जना मन्त्रीले राजीनामा दिई निर्वाचनमा उम्मेदवार दिइसकेका छन् । यसले सरकारको नैतिकतामाथि प्रश्न उठ्नसक्ने भन्दै असन्तुष्टि जनाउनुभएको हो ।सांसद नारायणदत्त भट्टले नागरिक सरकार गठन हुँदाको विश्वासअनुसार कार्यसम्पादन हुनुपर्नेमा त्यसो हुन नसकेको धारणा राख्नुभयो । नागरिक सरकारमा बसेरै निर्वाचनको उम्मेदवार बन्नु आपत्तिजनक भएको भन्दै उहाँले सत्ताका लागि मात्रै राजनीति गर्ने प्रवृत्तिको आलोचना गर्नुभयो ।

सांसद विष्णुकुमारी सापकोटाले जेनजी आन्दोलनका सहिदहरूको स्मरण गर्दै शान्तिसुरक्षामा सुरक्षा निकायको भूमिका थप प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो । निर्वाचन घोषणा भएपछि नैतिक जिम्मेवारीबाट पन्छिँदै मन्त्रीहरूले राजीनामा दिई दलका झण्डा बोकेर चुनावी मैदानमा जानु अनुचित भएको उहाँको भनाइ छ ।सांसद सुमित्रा बिसीले छ महिनाभित्र चुनाव गराउने प्रतिबद्धतासहित आएको सरकारले बीचमा जिम्मेवारी छाड्नु गैरजिम्मेवारीपूर्ण भएको धारणा राख्नुभयो । उहाँले मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक नगरेको विषयमा पनि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले आगामी निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउन सरकारसँग आग्रह गर्नुभयो । सांसद मायाप्रसाद शर्माले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई धाँधलीरहित, शान्तिपूर्ण र निष्पक्ष बनाउन जोड दिनुभयो । उहाँले सरकारले राष्ट्रिय गौरवका आयोजनाका बजेट रोक्का गर्न नहुने धारणा राख्नुभयो । उहाँले संसद् विघटनपछि सभा सञ्चालनका लागि पहल गरेकामा सभाध्यक्षप्रति आभार पनि व्यक्त गर्नुभयो ।

सांसद भुवनबहादुर सुनारले संसद्ले बनाएको बजेट सरकारले रोक्न नहुने धारणा राख्नुभयो । वर्तमान सरकार सुशासन र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । रासस

## राष्ट्रियसभाः

# शून्य समयमा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकमा सदस्यहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा सदस्यहरूले सडकको कमजोर अवस्था, जाजरकोटका भूकम्पपीडितले हालसम्म राहत नपाएकादेखि लिएर निर्वाचन नजिकिँदै जाँदा सामाजिक सञ्जालमा आएका भ्रामक सूचनाको पछि लाग्न नहुने धारणा राख्नुभएको हो ।

सदस्य कमला पन्तले २०७२ सालको भूकम्पमा परेका भूकम्पपीडितले केही राहत पाए पनि जाजरकोट भूकम्पका परेका पीडितले अहिलेसम्म पनि राहत नभएका भन्दै ती नागरिकलाई तत्काल राहत प्रदान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सदस्य नारायणदत्त मिश्रले देशको धेरैजसो स्थानका सडकहरूको अवस्था कमजोर हुनुका साथै खल्डाखुल्डी भएर कारण यात्रा गर्न कठिन भएको भन्दै डोटी जिल्लामा कालोपत्र गर्ने भनिएको सडक त्यतिकै अलपत्र परेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सदस्य भुवनबहादुर सुनारले अघिल्लो आर्थिक वर्षमा दलितका लागि छुट्याइएको बजेट त्यतिकै फ्रिज भएको स्मरण गराउँदै वर्तमान सरकारको अर्थमन्त्रालयले दलित समुदायका लागि रु ५० करोड विनियोजन गरेकामा तत्काल त्यसको कार्यान्वयनका लागि ध्यानाकर्षण गराउनुभयो ।

सदस्य युवराज शर्माले प्रधानमन्त्री सुशीला कार्कीसहित सरकारका मन्त्रीले सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग गर्दै मुलुकमा सुशासन कायम गर्नका लागि सरकारमा बस्ने व्यक्ति पारदर्शी हुनुपर्नेमा जोड दिनुभयो । सदस्य राजेन्द्रलक्ष्मी गैरेले देशका विभिन्न क्षेत्रमा सडकको अवस्था दयनीय भएको बताउँदै छा रासस


**Ramgopalpur Municipality**

**Office of the Municipal Executive**

**Ramgopalpur, Mahottari**

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: 29-JAN-2026 10:00**

1. Ramgopalpur Municipality, Office of the Municipal Executive, Ramgopalpur, Mahottari invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding ( NCB). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| Contract ID No. and Description | Total estimated amount (With VAT & PS ) in NRs | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| NCB/WORKS/DT/ RGPMUN/082/83-03 Deep Tubewell Jadan Karya | 4260436.58 | Nrs. 3000 | 01-MAR-2026 (Within 12:00 hrs) | 01-MAR-2026 At 14:00 hrs | 90 days From the last date of bid submission | Rs 1,10,000/- | 30 days beyond the validity period of the bid |

**Chief Administrative Officer**

जनकपुर टुडे | २०८२ साल माघ १५ गते बिहीबार (29 January, Thursday, 2026)

# विमान दुर्घटनामा महाराष्ट्रका उपमुख्यमन्त्रीसहित पाँच जनाको मृत्यु

बीबीसी

काठमाण्डु । भारतको महाराष्ट्रमा एउटा चार्टर्ड विमान दुर्घटनाग्रस्त हुँदा उक्त राज्यका उपमुख्यमन्त्री अजित पवारको मृत्यु भएको भारतको नागरिक उड्डयन नियामक निकाय डीजीसीएले पुष्टि गरेको छ।अधिकारी र प्रत्यक्षदर्शीहरूका अनुसार मुम्बईबाट उडेको विमान बारामतीस्थित विमानस्थलमा अवतरण गर्ने प्रयास गर्दा बुधवार बिहान धावनमार्गनजिकै खसेको थियो। त्यसपछि विमानमा आगो लागेको देखिएको थियो।



विमानमा अजित पवारका एक सहयोगी र चालकदलका तीन सदस्य पनि थिए। उनीहरू सबै जनाको मृत्यु भएको डीजीसीएले बताएको छ। यसअघि मृतकमध्ये दुई जना पवारका सहयोगी भएको बताइएको थियो ।

भारतीय सञ्चारमाध्यममा प्रकाशित विवरणहरूमा उक्त दुर्घटनामा ज्यान गुमाउने अरू सबै जनाको नाम र परिचय खुलाइएको छ। मृतकहरूमध्ये पवारका अङ्गरक्षक विदीप जाधव, विमानपरिचारिका पिङ्की माली अनि विमानचालकद्वय क्याप्टेन सुमित कपूर र क्याप्टेन शाम्भवी पाठक पनि भएको बताइएको छ।

प्रहरीका अनुसार सबै शवलाई स्थानीय अस्पतालमा लगिएको छ। त्यहाँ फरेन्सिक परीक्षण र मृतकहरूको सनाखत गर्ने काम हुने छ। पवारका भावविह्वल समर्थकहरू अस्पतालबाहिर भेला भएका छन्। डीजीसीएले दुर्घटनामा परेको विमान 'बम्बार्डिअर लिअरजेट ४५' भएको जनाएको छ। भारतमा भीआईपीहरूले विमान चार्टर गर्दा त्यस खालको सानो व्यावसायिक विमान रोज्ने गरेका छन्।

दुर्घटनाको कारण स्पष्ट भइसकेको छैन। भारतको हवाई दुर्घटनाबारे अनुसन्धान गर्ने निकाय एएआईबीका अधिकारीहरूले दुर्घटनास्थलको निरीक्षण र उक्त घटनाबारे छानबिन गर्न लागेका छन् ।

यसअघि डीजीसीएले दिएको प्रारम्भिक विवरण उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरूले अवतरण गर्नुअघि विमानमा गम्भीर प्राविधिक समस्या र अस्थिरता उत्पन्न भएको जनाएका थिए। दुर्घटनास्थलमा खिचिएका भिडिओहरूमा धावनमार्गनजिकै विमानको भग्नावशेषबाट धुवाँको मुस्लो उडेको देखिन्छ।

आफ्नो नाम उल्लेख गर्न नचहाने एक प्रत्यक्षदर्शी महिलाले समाचारसंस्था एएनआईलाई आफूले उक्त विमान "धावनमार्ग पुग्नुअघि नै भुइँमा खसेको" देखेको बताइन्। उनका अनुसार उद्धारकर्मीहरूले विमानमा लागेको निभाएका थिए र स्थानीय बासिन्दाहरूले विमानको भग्नावशेषमा एउटा जलेको शव देखेका थिए। प्रहरीले उक्त शवलाई छोप्न लगाएको उनले बताइन्। अजित पवार न्याश्नलिस्ट कङ्ग्रेस पार्टी (एनसीपी)का नेता थिए। उनी एनसीपीका संस्थापक नेता शरद पवारका भतिजा हुन्।

तर केही वर्षअघि मतभिन्नता उत्पन्न भएपछि अजित पवारले पार्टी विभाजन गरेका थिए। भारतको निर्वाचन आयोगले अजित पवार नेतृत्वको पार्टीलाई नै मान्यता दिएको थियो।अजित पार्टीको पार्टीसँग मिलेर प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीले महाराष्ट्रमा सरकार बनाएको छ।आसन्न स्थानीय निर्वाचनको प्रचारको सिलसिलामा आयोजना गर्न लागिएका जनसभाहरूमा सहभागी हुन उनी मुम्बईबाट बारामती गएको बताइएको छ।अजित पवारले कङ्ग्रेस पार्टीबाट राजनीति थालेका थिए। शरद पवारले सन् १९९९ मा कङ्ग्रेस पार्टी छोडेर एनसीपी गठन गर्दा उनी पनि उनको साथ थिए।

उनी महाराष्ट्रबाट लोकसभामा र विधानसभामा पटकपटक निर्वाचित भए। महाराष्ट्रमा विभिन्न सरकारमा उनी उपमुख्यमन्त्री बने। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणनवीस, भारतीय न्याशनल कङ्ग्रेसका अध्यक्ष मल्लिकार्जुन खडगे र नेत्री प्रियङ्का गान्धी र पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीसहित कैयौँ नेताले अजित पवारको मृत्यु भएकोमा शोक व्यक्त गरेका छन्।

अजित पवारलाई "जनताका नेता" भन्दै प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, "महाराष्ट्रका जनताको सेवामा अग्रपङ्क्तिमा रहने एक कर्मठ व्यक्तित्वका रूपमा उनले व्यापक सम्मान प्राप्त गरेका थिए। प्रशासनिक विषयमा उनको बुझाइ र गरिब तथा वञ्चित वर्गलाई सशक्त बनाउने उनको प्रयास पनि उल्लेखनीय थियो।" "उनको असामयिक निधन निकै आश्चर्यजनक र दुःखद छ।" दुर्घटनामा ज्यान गुमाउने विमानपरिचारिका पिङ्की मालीको परिवारका अनुसार उनी विगत पाँच वर्षदेखि निजी चार्टर्ड विमानमा काम गर्दै आएकी थिइन्।

मालीका पिता शिवकुमार मालीले आफूले पिङ्कीसँग मङ्गलवार कुरा गरेको र उनी अजित पवारलाई लिएर बारामती जान लागेको कुरा थाहा पाएको बीबीसी मराठीलाई बताए।"उनले अजित पवारलाई बारामतीमा छोड्ने र त्यसपछि नान्देड जाने बताएकी थिइन्," उनले भने। "आज बिहान अजित पवारको विमान दुर्घटनामा परेको समाचार सुन्दा हामी स्तब्ध भयौँ। टीभीमा पिङ्कीको नाम देखेपछि हामीले आफ्नी छोरीको पनि ज्यान गएको भेउ पायौँ।"

# 'व्यावहारिक' साझेदारी जोगाउन स्टार्मर चीन भ्रमणमा

एएफपी

बेइजिङ । बेलायती प्रधानमन्त्री किर स्टार्मरले बुधबार चीनको तीन दिने औपचारिक भ्रमण सुरु गर्नुभएको छ । लामो समयदेखि चिसिएको सम्बन्धपछि लन्डन र बेइजिङबीचको 'व्यावहारिक' साझेदारीलाई जोगाउने उद्देश्यले यो भ्रमण गरिएको बताइएको छ । सन् २०१८ पछि बेलायती प्रधानमन्त्रीको बेइजिङमा यो पहिलो भ्रमण हो ।


चीन पुग्नुअघि स्टार्मर जापानमा छोटो समयका लागि रोकिनुहुनेछ, जहाँ उहाँले प्रधानमन्त्री साने ताकाइचीसँग भेट गर्ने कार्यक्रम छ । पछिल्ला हप्ताहरूमा केही पश्चिमी नेताहरूले चीनसँग सम्बन्ध सुदृढ गर्ने प्रयास गरिरहेका बेला यो भ्रमणलाई त्यसैको निरन्तरता मानिएको छ ।

स्टार्मर बुधबार बिहान बेइजिङ आइपुग्नुहुनेछ । बिहीबार उहाँले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्नुहुनेछ भने प्रधानमन्त्री ली किआङसँग पनि छलफल हुने कार्यक्रम छ । डाउनिङ स्ट्रिटका अनुसार भेटवार्तामा व्यापार, लगानी र राष्ट्रिय सुरक्षाका विषय प्रमुख रहनेछन् । स्टार्मरले चीन भ्रमणलाई 'अत्यन्त महत्त्वपूर्ण' बताउँदै केही ठोस प्रगति हुने अपेक्षा व्यक्त गर्नुभएको छ ।उहाँले चीनतर्फ उडानका क्रममा पत्रकारहरूसँग कुरा गर्दै द्विपक्षीय सम्बन्ध गहिरो बनाउने अवसरहरू रहेको बताउनुभयो । चीनसँग व्यवहार गर्दा राष्ट्रिय सुरक्षामा सम्झौता नगर्ने तर यथार्थपरक दृष्टिकोण अपनाउनु आवश्यक रहेको उहाँको भनाइ थियो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पनि यो भ्रमणलाई राजनीतिक आपसी विश्वास बढाउने अवसरका रूपमा लिने बताउनुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका नीतिहरूका कारण अमेरिका र उसका सहयोगीहरूबीच तनाव बढिरहेका बेला चीनले आफूलाई भरोसायोग्य साझेदारका रूपमा प्रस्तुत गर्न खोजेको विश्लेषण गरिएको छ ।

सन् २०२० मा हङकङमा कडा राष्ट्रिय सुरक्षा कानून लागू भएपछि बेलायत-चीन सम्बन्ध बिग्रिएको थियो । त्यसपछि दुवै देशबीच जासुसीसम्बन्धी आरोप-प्रत्यारोपले सम्बन्ध थप कमजोर बनायो ।

# सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपः भुवन नगरकोटीलाई फराकिलो अग्रता




**टुडे समाचारदाता**

बर्दिबास । सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपको दोस्रो दिनको समाप्तीमा भुवन नगरकोटी फराकिलो अग्रता सहित उपाधि जित्ने सम्भावनालाई मजबुत बनाउन सफल भएका छन्।

बुधबार पार-७२को मिथिला नगरी आर्मी गल्फ क्लबमा भुवनले बोगी रहित २-अन्डर ७० स्कोर गर्दै ३६ होल सकिंदा समग्रमा ७-अन्डर १३७ को स्कोर बनाएका छन्। उनले दोस्रो स्थानमा संयुक्त रूपमा रहेका टंक बहादुर कार्की र भुवन कुमार रोक्कालाई ६ स्ट्रोकले पछि पारे। टंक र भुवनले समग्रमा १-अन्डर १४३ स्कोर बनाए। दोस्रो राउन्डमा टंकले १-अन्डर ७१ खेले भने भुवन रोक्काले २-ओभर ७४ स्कोर गरे।

सुमन परियार २-अन्डर ७० सहित इभन-पार १४४ स्कोरका साथ चौथो स्थानमा छन्। कुल १-ओभर १४५ सहित नेपालका नम्बर एक प्रो निरज तामाङ (७२), सुमन राई (७४) र धनबहादुर थापा (७४) संयुक्त पाँचौं स्थानमा छन्। सञ्जय लामा १-अन्डर ७१ खेल्दै कुल २-ओभर १४६ सहित आठौं स्थानमा उक्लिएका छन्।

जयराम श्रेष्ठ र दिनेश प्रजापतिले ३-ओभर १४७ सहित संयुक्त नवौं स्थान बाँडे। जयरामले दिनकै उत्कृष्ट ३-अन्डर ६९ कार्ड बनाए भने दिनेशले २-ओभर ७४ खेले।

८-ओभर १५२ को स्कोरमा कट लागु भयो। जसमा १८ प्रो र दुई एमेच्योर अन्तिम राउन्डमा प्रवेश गरेका छन्। प्रो तर्फ कुमार कामी, रवि खड्का, रमेश अधिकारी, प्रदीप कुमार लामा, सूर्य प्रसाद शर्मा, बलभद्र राई, सबिन सापकोटा र दीपक मगरले कट पार गरे।

एमेच्योर तर्फ प्रकृत तामाङ ३-ओभर १४७ सहित शीर्ष स्थानमा छन्। उनी समग्रमा संयुक्त नवौं स्थानमा छन्। प्रकृत ५-ओभर १४९ स्कोरका साथ दोस्रो स्थानमा रहेका सुन्दर राई भन्दा दुई स्ट्रोकको अगाडी छन्। सुन्दरले दोस्रो राउन्डमा २-ओभर ७४ खेले।

शीर्षस्थानमा रहेका भुवनले चौथो र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए। त्यसपछि ब्याक नाइनका सबै नौ होलमा पार सेभ गर्दै इभन-पार ३६ खेले। मंगलबार भुवनले मिथिला नगरी आर्मी गल्फ क्लबमा आयोजित सूर्य नेपाल गल्फ टुर अन्तर्गतको पहिलो प्रतियोगितामा ५-अन्डर ६७ स्कोर गर्दै कोर्स रेकर्ड बनाएका थिए।

टंकले फ्रन्ट नाइन १-अन्डर ३५ र ब्याक नाइन इभन-पार ३६ खेलेर संयुक्त दोस्रो स्थानमा उक्लिए। उनले पहिलो र नवौं होलमा बर्डी र छैटौं होलमा बोगी खेले। ब्याक नाइनमा भने १५औं र १६औं होलमा बोगी खेपेका टंकले ११औं र १८औं होलमा एक-एक स्ट्रोक बचाए। भुवनकुमार रोक्काले दोस्रो र सातौं होलमा बोगी खेलेपछि आठौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन १-ओभर ३७ मा सकाए। यसपछि उनले १५औं र १७औं होलमा स्ट्रोक गुमाउँदा १६औं होलमा बर्डी खेले। ब्याक नाइनमा पनि उनले १-ओभर ३७ खेले।

सूर्य नेपाल प्रा.लि.को प्रायोजनमा नेपाल पीजीएद्वारा आयोजित ५४ होलको यस प्रतियोगितामा ३० प्रो र ६ एमेच्योर गरी कुल ३६ गल्फर सहभागी छन्। प्रतियोगिताको कुल पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ रहेको छ। विजेताले १ लाख ७० हजार, उपविजेताले १ लाख २५ हजार र तेस्रो स्थान हासिल गर्ने खेलाडीले १ लाख रुपैयाँ प्राप्त गर्नेछन्। शीर्ष १८ स्थानमा रहने खेलाडीले नगद पुरस्कार पाउनेछन्।

# किमले आणविक योजना सार्वजनिक गर्ने सङ्केत



एपी

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले आगामी सत्तारूढ मजदुर पार्टीको सम्मेलनमा देशको आणविक प्रतिरोध क्षमता अझ सुदृढ पार्ने योजनाहरू सार्वजनिक गरिने बताउनुभएको छ । राज्य सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार मङ्गलबार किमको उपस्थितिमा अपग्रेड गरिएको लार्ज-क्यालिबर मल्टिपल रकेट लन्चर प्रणालीको लाइभ-फायर अभ्यास गरिएको थियो । दक्षिण कोरिया र जापानले यसलाई पहिले ब्यालेस्टिक मिसाइल प्रक्षेपणका रूपमा वर्णन गरेका थिए ।

राज्य सञ्चार माध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किम आफ्नी किशोरी छोरीसँगै विशाल लन्च ट्रकको छेउमा हिँडिरहेको देखिन्छ । दक्षिण कोरियाको गुप्तचर सेवाले सन् २०२४ को सुरुतिर किम जु ए नामकी छोरीलाई उहाँको सम्भावित उत्तराधिकारीका रूपमा प्रस्तुत गर्न थालिएको जनाएको थियो ।केसिएनएले किम जोङ उनलाई उद्धृत गर्दै परीक्षण प्रक्षेपण देशको 'रणनीतिक प्रतिरोध' क्षमताकोप्रभावकारिता बढाउन गरिएको बताएको छ । यस शब्दावली उत्तर कोरियाले आफ्ना आणविक हतियार क्षमताका लागि प्रयोग गर्दै आएको छ । समाचार अनुसार लन्चर प्रणालीको गतिशीलता र प्रहारको शुद्धता दुवैमा सुधार गरिएको छ।

विज्ञहरूका अनुसार उत्तर कोरियाका ठूला आकारका रकेट लन्चर प्रणालीहरूले परम्परागत आर्टिलरी र ब्यालेस्टिक मिसाइलबीचको सीमा झन् अस्पष्ट बनाएका छन्, किनकि ती प्रणालीहरूले आफ्नै थ्रस्ट उत्पादन गर्न सक्छन् र उडानक्रममै मार्गनिर्देशन गर्न सक्षम छन् । उत्तर कोरियाले यस्ता केही प्रणालीहरू आणविक हतियार बोक्न सक्ने दाबी पनि गरेको छ ।किमले देशको सैन्य शक्ति निरन्तर मजबुत बनाउनु मजदुर पार्टीको अपरिवर्तनीय दायित्व रहेको बताउनुभयो उहाँले पाँच वर्षपछि पहिलो पटक हुन लागेको आगामी पार्टी सम्मेलन 'देशको आणविक युद्ध प्रतिरोधलाई अझ सुदृढ पार्ने अर्को चरणका योजनाहरू' घोषणा गर्ने महत्त्वपूर्ण मञ्च हुने स्पष्ट पार्नुभयो ।

फेब्रुअरीमा सुरु हुने अपेक्षा गरिएको उक्त सम्मेलन उत्तर कोरियाको सबैभन्दा ठूलो राजनीतिक तथा प्रचारात्मक कार्यक्रम मानिन्छ, जहाँ नयाँ राजनीतिक र आर्थिक प्राथमिकताहरू निर्धारण गरिन्छ । डिसेम्बरयता उत्तर कोरियाले हाइपरसोनिक मिसाइल, लामो दूरीको रणनीतिक क्रूज मिसाइल र नयाँ एन्टी-एयर मिसाइलको परीक्षण गरिसकेको छ । विश्लेषकहरूका अनुसार यी गतिविधिहरू सम्मेलनअघि हतियार विकासका उपलब्धि प्रदर्शन वा समीक्षा गर्ने उद्देश्यले गरिएको हुनसक्छ ।

केसिएनएले आगामी चरणको आणविक विकास योजना कस्तो हुनेछ भन्नेबारे विस्तृत विवरण दिएको छैन । तर विदेशी विश्लेषकहरूका अनुसार उत्तर कोरियाले आफ्ना प्रतिद्वन्द्वीहरूको क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई छल्न एउटै क्षेप्यास्त्रमा धेरैवटा वारहेड राख्ने क्षमतामा निपुणता हासिल गर्न खोजिरहेको छ । साथै, अमेरिकी मुख्य भूमिलाई लक्षित लामो दूरीका मिसाइलका वारहेडहरूलाई वायुमण्डलीय पुनःप्रवेशका क्रममा उत्पन्न हुने उच्च ताप र दबाबबाट जोगाउने प्रविधि उसले पूर्ण रूपमा विकास गरिसकेको छ कि छैन भन्ने प्रश्न पनि उठिरहेको छ ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक कूटनीति विफल भएपछि उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियासँग वार्ता गर्न अस्वीकार गर्दै आएको छ । यद्यपि सीमित आणविक निःशस्त्रीकरणका सर्तमा आर्थिक र राजनीतिक प्रोत्साहन प्रस्ताव गरिएमा किम पुनः वार्तामा फर्कन सक्ने सम्भावना रहेको विज्ञहरूले बताएका छन् ।

# भेनेजुएलालाई अमेरिकी चेतावनी, सैन्य विकल्प खुला



एपी

वासिङ्टन । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भेनेजुएलाको अन्तरिम नेतृत्व अमेरिकी अपेक्षा र लक्ष्यबाट भट्किएमा ट्रम्प प्रशासन भविष्यमा सैन्य कारबाही गर्न पनि तयार रहेको चेतावनी दिनुभएको छ । बुधबार सिनेटको विदेश सम्बन्ध समिति समक्ष प्रस्तुत गर्न तयार पारिएको सुनुवाइमा उहाँले अमेरिका भेनेजुएलासँग युद्धमा नरहेको स्पष्ट पार्दै आवश्यक परे थप बल प्रयोग अस्वीकार नगरिने सङ्केत गर्नुभयो ।

उहाँका अनुसार यस महिनाको सुरुआतमा पूर्वराष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गर्न गरिएको छापापछि पनि अमेरिका सतर्क अवस्थामा छ । "अन्य सबै उपाय असफल भएमा अधिकतम सहयोग सुनिश्चित गर्न हामी बल प्रयोग गर्न तयार छौँ", विदेश मन्त्रालयले सार्वजनिक गरेको उहाँको वक्तव्यमा उल्लेख छ। तर यस्तो अवस्था नआओस् भन्ने नै अमेरिकाको चाहना रहेको उहाँले जोड दिनुभयो ।

फ्लोरिडाका पूर्व सिनेटरसमेत रहनुभएका रुबियो राष्ट्रपति डोनाल्ड ट्रम्पका केही विवादास्पद विदेश नीतिहरू कंग्रेसका सहकर्मीहरूसमक्ष स्पष्ट पार्ने भूमिकामा हुनुहुन्छ । पश्चिमी गोलार्ध, युरोप र मध्यपूर्वमा केन्द्रित अमेरिकी नीतिका विषयमा आफ्नै पार्टीभित्र उठेका चिन्तालाई सम्बोधन गर्नु पनि उहाँको चुनौती बनेको छ ।

भेनेजुएलामाथि केन्द्रित सुनुवाइमा रुबियोले लागुऔषध तस्करीको आरोपमा मदुरोलाई हटाउने निर्णयको बचाउ गर्नुभएको छ । उहाँले समुद्री मार्गबाट लागुऔषध तस्करीमा संलग्न डुङ्गामाथि गरिएका सैन्य कारबाही र प्रतिबन्धित तेल ट्याङ्कर कब्जा गर्ने कदमलाई कानूनी दायराभित्रको कारबाही भएको बताउनुभयो ।


"भेनेजुएलाविरुद्ध कुनै युद्ध छैन र त्यहाँ अमेरिकी सैनिकहरू भूमिमा तैनाथ छैनन्", उहाँको भनाइ छ ।यद्यपि कंग्रेसका डेमोक्रेट सदस्यहरूले यी कदमलाई कार्यकारी अधिकारको अतिक्रमण भन्दै आलोचना गरेका छन् । युद्ध शक्ति ऐनअन्तर्गत अमेरिकी सेना फिर्ता बोलाउने प्रस्ताव सदनमा अल्पमतले अस्वीकृत भएको थियो । प्रशासनका अनुसार ठूलो सैन्य तयारी देखिए पनि भेनेजुएलाको भूमिमा अमेरिकी सेना छैन ।

यसबीच, ट्रम्प प्रशासनले भेनेजुएलासँग सम्बन्ध सामान्य बनाउने प्रयास पनि अघि बढाएको छ । अमेरिकी अधिकारीहरूले कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजसँग संवाद बढाइरहेका छन् । रुबियोले रोड्रिगेज ट्रम्प प्रशासनका मागहरूबारे जानकार रहेको र ती माग पूरा गर्नु नै उहाँको हितमा हुने विश्वास व्यक्त गर्नुभएको छ । ती मागहरूमा भेनेजुएलाको ऊर्जा क्षेत्र अमेरिकी कम्पनीका लागि खोल्ने, तेल राजस्व अमेरिकी सामान खरिदमा प्रयोग गर्ने र क्युबालाई दिइँदै आएको सहुलियतपूर्ण तेल आपूर्ति बन्द गर्ने विषय समावेश छन् ।

रोड्रिगेजले मङ्गलबार दुवै पक्षबीच सम्मानजनक संवाद च्यानल स्थापना भएको बताउनुभएको छ । पछिल्ला हप्तामा भेनेजुएलाले सयौँ राजनीतिक बन्दीहरू रिहा गरेको जनाइएको छ, जसको अमेरिकी राष्ट्रपति ट्रम्पले सार्वजनिक रूपमा प्रशंसा गर्नुभएको छ ।कूटनीतिक सम्बन्ध पुनःस्थापनातर्फ एक महत्त्वपूर्ण कदमस्वरूप विदेश मन्त्रालयले कारकासस्थित अमेरिकी दूतावास पुनः खोल्न तयारी थालेको जानकारी कंग्रेसलाई दिएको छ । सन् २०१९ देखि बन्द रहेको दूतावास पुनः सञ्चालन गर्ने यो पहिलो औपचारिक सङ्केत हो । यद्यपि सम्बन्ध पूर्ण रूपमा सामान्य बनाउन अझै कानूनी र राजनीतिक प्रक्रियाहरू बाँकी रहेको अमेरिकी पक्षले जनाएको छ ।

यसै क्रममा रुबियोले भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोलाई विदेश मन्त्रालयमा भेट्ने तयारी गर्नुभएको छ । मदुरोलाई हटाइएपछि वासिङ्टन आउनुभएकी मचाडोले हालै ट्रम्पसँग भेट गरी आफ्नो नोबेल शान्ति पुरस्कार पदक उपहार दिनुभएको थियो, जसलाई अमेरिकी राजनीतिक वृत्तमा अर्थपूर्ण सङ्केतका रूपमा हेरिएको छ ।

# चुँदारा समुदायको पेसा सङ्कटमा



गुल्मी । पछिल्लो समय गुल्मीमा काठका भाँडा बनाउँदै आएका चुँदारा समुदायको पेसा सङ्कटमा पर्दै जान थालेको छ । चुँदारा समुदायले परम्परागत रूपमा काठबाट कुँदेका सामग्री बिक्री गरेर आफ्नो जीविकोपार्जन गर्दै आएका थिए । आजभोलि प्रविधिको विकाससँगै बजारमा आधुनिक प्रविधिबाट निर्मित प्लास्टिकका भाँडाहरू भित्रिएसँगै आफ्नो पेसा सङ्कटमा परेको मालिका गाउँपालिका(७ घमिरका नरबहादुर कार्कीले बताउनुभयो ।

आधुनिक प्रविधिसँगै स्थानीय बजारमा सुपथ मूल्यमा आकर्षक देखिने आधुनिक किसिमका भाँडाकुँडाहरू प्रयोगमा आउन थालेपछि चुँदारा समुदायको पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको कार्कीले बताउनुभयो । ग्रामीण क्षेत्रमा गिठीको काठबाट निर्माण गरिएका ठेका, आरी जस्ता भाँडाहरू दही र मही राख्नका लागि प्रयोग गरिन्छ । काठका भाँडामा राखेको दही र मही चाँडो नबिग्रिनेहुँदा खानको लागि निकै स्वादिलो र राम्रो मानिन्छ।

पछिल्लो समयमा बिस्तारै गाउँघरमा काठबाट निर्मित सामग्रीहरू बिस्तारै लोप हुँदै जान थालेको मुसिकोट नगरपालिका-२ का ज्ञानबहादुर नेपाली बताउनुहुन्छ । नयाँ पुस्ताहरू विस्तारै गाउँ छोडेर सहर झर्ने, विदेश जाने र पुराना पुस्ताहरू विस्तारै उमेरसँगै सकिदै जान थालेपछि यस्तो समस्या आएको उहाँले बताउनुभयो । परम्परागत पेसा र पुराना सामग्रीहरूको संरक्षण गर्नका लागि स्थानीय पालीकाहरूले खासै चासो देखाएका छैनन् । पालिकाले प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेटमा खासै प्राथमिकता नदिएको चुँदारा समुदायको गुनासो छ । परम्परागत पेसाको संरक्षण र त्यसको बजारीकरणमा खासै चासो नदिँदा गाउँघरमा विस्तारै काठका भाँडाहरू लोप हुँदै जान थालेका हुन । बजारमा पाइने फ्लाष्टिकबाट निर्मित भाँडाहरू झट्ट देख्दा आकर्षक र राम्रा र चिटिक्क देखिने र मूल्य पनि काठका भाँडाको तुलनामा सस्तो पर्ने भएका कारण पनि यस्तो समस्या आएको गुल्मी उद्योग सङ्घका वरिष्ठ उपाध्यक्ष जनक पन्तले बताउनुभयो । यस्ता प्रकारका परम्परागत सामग्री र वस्तुहरूको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनका लागि पालिकाहरूले थप सहयोग पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

परम्परागत शैलीबाट निर्माण हुने सामग्रीहरूको उत्पादन गर्न समय धेरै लाग्ने र अलि खर्चिलो हुने बताइएको छ । परम्परागत रूपमा उक्त पेसा गर्दै आएका व्यवसायीहरूले पछिल्लो समयमा काठका भाँडा बनाउने पेसाबाट आफ्नो गुजारा चलाउन समेत गाह्रो भएको बताउँछन् । आफूले निर्माण गरेका सामग्री बिक्रीका लागि बोकेर गाउँगाउँमा डुलाउँदा कहिलेकाही बिक्री नहुँदा त्यत्तिकै फर्कनु परेको छत्रकोट गाउँपालिका(१ हुँगाका यमन सुनारले गुनासो गर्नुभयो ।

काठबाट निर्मित भाँडाको महत्वको बारेमा जानकारी नभएका कारण पछिल्लो समयमा चुँदारा समुदायको पेसा सङ्कटमा परेको हो । गाउँघरमा गिठीको काठबाट निर्माण गरिएका ठेकाको मूल्य बजारमा आकारअनुसार रु ७०० देखि रु सात हजारसम्म पर्ने गर्दछ । जिल्लामा पछिल्लो समयमा आयोजना गरिने मेला महोत्सवलगायत सहकारी पसल र कोसेली घरमा भने फाट्टाफुट्ट रूपमा यस्ता प्रकारका सामग्रीहरू बिक्रीका लागि राखिने गरिन्छ ।रासस

# एउटै गाउँबाट दैनिक १७ सय लिटर दूध उत्पादन

तनहुँ । मिहिनेत गर्न सके स्वदेशमै बसेर विदेशको सरह पैसा कमाउन सकिन्छ भन्ने गतिलो उदाहरण जिल्लाको व्यास नगरपालिका-१३ स्थित बेलबासका पशुपालन किसानले दिएका छन् ।

बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध भएका ६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालन गरेर समाजमा नमूना कार्य गर्दै आएका हुन् । अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्नेम वृद्धि हुँदै गइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “थोरैमा मासिक रु १५ हजारदेखि दुई लाख बढीसम्म कमाउने दूध व्यवसायी यहाँ रहेका छन् ।”

यसअघि दैनिक एक हजार ६०० लिटर दूध बिक्री हुँदै आएकोमा अहिले एक हजार ७०० लिटर दूध सङ्कलन भइरहेको छ । दूधबाट राम्रै आम्दानी हुने देखेपछि किसान उत्साहित भएर गाई थप्दै जाँदा बेमौसमी सिजनमा दूधको परिणाम बढेको उहाँले बताउनुभयो । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षित भएर लागेका हुन् ।

दमौली बजारमा सञ्चालनमा ल्याइएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको छ । यहाँका व्यासायिक पशुपालनले परिवारको मात्रै नभई सिङ्गो समाजको मुहारमा परिवर्तन ल्याएको संस्थाका सचिव मेघनाथ आचार्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, “आफूले दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरिएको आभास गर्न थालिएको छ ।” यस क्षेत्रका पशुपालन कृषकले अन्य व्यक्तिका लागि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घर खर्च चलाउनमा सजिलो भएको पशुपालक किसान बताउँछन् ।रासस

# अलैँची बिक्रीबाट २४ करोड आम्दानी



लमजुङ । जिल्लामा यस वर्ष अलैँचीका दाना बिक्री गरी रु २४ करोड ३० लाख बराबरको आम्दानी भित्रिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १३५ मेट्रिकटन अलैँची बिक्रीबाट रु २४ करोड ३० बराबरको आम्दानी भएको छ ।

यस वर्ष अलैँची प्रतिकिलो रु एक हजार ८०० देखि रु दुई हजार ५०० सम्ममा बिक्री भएको उहाँले जानकारी दिनुभयो । गत वर्षको तुलनामा यस वर्ष उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा बढी आम्दानी भएको उहाँको भनाइ छ ।गत वर्ष शून्य दशमवल चार प्रतिशतले उत्पादन भएको अलैँची यस वर्ष घटेर शून्य दशमलव ३९ प्रतिशत भएको कृषि अधिकृत मिजारले उल्लेख गर्नुभयो । आव २०८१/८२ मा उत्पादित १५० मेट्रिकटन अलैँचीका दाना बिक्रीबाट रु २२ करोड आम्दानी भएको थियो । गत आवमा प्रतिकिलो रु एक हजार ५०० देखि रु दुई हजार ४०० सम्ममा अलैँची बिक्री भएको थियो ।

यस वर्ष छिमेकी मुलुक भारतमा पनि अलैँची उत्पादनमा कमी आएकाले माग उच्च हुँदा यहाँका किसानले राम्रो मूल्य पाएका परियोजनाका कृषि अधिकृत मिजारले बताउनुभयो । आव २०८०/८१ मा जिल्लाका किसानले २५१ मेट्रिकटन अलैँची बिक्री गरी रु २४ करोड आम्दानी गरेका थिए । मिजारका अनुसार उक्त वर्ष जिल्लाका किसानले प्रतिकिलो रु एक हजार २०० का दरले अलैँची बिक्री गरेका थिए । आव २०७९/८० मा ३८० मेट्रिकटन अलैँची बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । उक्त वर्ष प्रतिकिलो अलैँची कम्तीमा रु ५५० देखि रु७०० सम्म बिक्री भएको थियो ।

आव २०७८/७९ मा ३३५ मेट्रिकटन अलैँची बिक्री गरी रु १५ करोड, आव २०७७/७८ मा तीन हजार ५०० क्विन्टलबाट रु १८ करोड २० लाख, आव २०७६/७७ मा दुई हजार क्विन्टल अलैँची बिक्रीबाट रु १२ करोड आम्दानी भएको परियोजनाले जनाएको छ ।

जिल्लामा ७५० हेक्टर क्षेत्रफलमा अलैँचीखेती हुँदै आए पनि ३७५ हेक्टर क्षेत्रफलमा उत्पादन हुँदै आएको उक्त कार्यालयले जनाएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रूपमा मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होँलासोथर गाउँपालिका, दूधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँची उत्पादन हुने भएकाले पकेट क्षेत्र घोषणा गरिएको हो ।

यस वर्ष सबैभन्दा बढी मर्स्याङ्दी गाउँपालिकाका किसानले अलैँचीको दाना बिक्रीबाट आम्दानी गरेका नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङले बताउनुभयो । रासस

# जुम्लाका उत्पादन पूर्वी नेपालसम्म पुऱ्याउँदै तीर्थबहादुर



भद्रपुर । जुम्लाको सिञ्जा गाउँपालिका-२ स्थायी बासिन्दा तीर्थबहादुर तिरुवाले पूर्वी तराईका जिल्लामा कर्णालीका पहिचान बोकेका उत्पादन पुऱ्याउँदै आउनुभएको छ ।

झोलाभित्र सिलाजित, केसर, यार्सागुम्बा, हिमाली तेल, मार्सी चामललगायत जुम्लासहित कर्णालीका पहिचान बोकेर उहाँ झापाको काँकडभिट्टाबाट सुनसरीको इटहरीसम्मका बजार, गाउँबस्ती, कुनाकन्दरामा पुग्नुहुन्छ । तीर्थका लागि यो झोला केवल सामान बोक्ने साधन होइन, यो उहाँको जीविकोपार्जन, आत्मसम्मान र सपना बोकेको संसार हो ।तीर्थ आजभोली झापाको बिर्तामोडमा डेरा गरी सात जना साथीसँग बस्दै आउनुभएको छ । सबैजना जुम्लाकै उत्पादन बोकेर व्यापार गर्ने साथीहरू हुन् । कसैले राडी,पाखी बेच्छन्, कसैले अल्लोका कपडा, कसैले हातले बुनेका गलैँचा, कसैले खाकी (दाउरा, सुरुवाल), तीर्थको झोलामा भने जडीबुटीको सुवास मिसिएको हुन्छ ।

“यो व्यापार थालेको करिब १२ वर्ष भयो”, उहाँले भन्नुभयो, “तर पूर्वी तराईमा आएर गर्न थालेको सात वर्ष पुग्यो ।”, पहिलेपहिले उहाँ बागलुङ, बेनी, पाल्पा, बुटवललगायत पहाडी र मध्य तराईका क्षेत्र घुम्नुभयो । एकपटक साथीहरूको सल्लाहमा पूर्वी नेपाल आएको बताउँदै उहाँले भन्नुभयो, “यहाँ बजार राम्रो रहेछ, मानिसहरू नयाँ कुरा चाख्न चाहन्छन् । सात वर्षयतादेखि व्यापारका लागि अन्यत्र जानु परेको छैन ।”

तीर्थको जीवन मौसमीयामसँगै घुम्छ । गर्मी याम (साउन र भदौ) उहाँका लागि व्यापारको सुनौलो समय हो । यही बेला ताजा यार्सागुम्बा बिक्रीमा आउँछन् । “यार्सा ताजा नै खोज्छन् मानिसहरू”, उहाँले भन्नुभयो, “त्यसैले उक्त समयमा बिक्री राम्रो हुन्छ ।”जाडो याम (मङ्सिरदेखि चैत) मा तीर्थको पूर्वी तराईमा समय बित्छ । चैतमा मात्रै सबै सामान सकेर घर फर्किने उहाँको नियमजस्तै बनेको छ । “कहिले व्यापार राम्रो हुन्छ, कहिले दिनभर हिँड्दा पनि हात खाली हुन्छ । व्यापार भएको दिन दुःख बिर्सिदोर हेछ”, उहाँले भन्नुभयो, “आज बिक्री भएन भने भोलि हुन्छ भन्ने भरोसा आफूमा हुनुपर्छ ।”

जुम्लाबाट ल्याइने जडीबुटी र अन्य सामान बेचेर तीर्थले वार्षिक दुवै याममा सबै खर्च कटाएर करिब रु आठ लाखसम्म आम्दानी हुने जानकारी दिनुभयो । “यो रकम सानो होइन, विशेषगरी आफ्नै देशमा, आफ्नै पसिनाले कमाएको हो । विदेश जानुभन्दा आफ्नै देशमा व्यापार गर्दा स्वतन्त्रता महसुस हुन्छ”, उहाँले अनुभव सुनाउनुभयो, “कोही मालिक छैन, कोही गाली गर्ने छैन ।”

यो काममा सहजता भने नभएको तीर्थको बुझाइ छ । गाउँका धेरै युवाजस्तै तीर्थ पनि कुनै समय भारत जान बाध्य हुनुभयो । उत्तर प्रदेश, हरियाणा, पञ्जाब, हिमाञ्चल आसपासका क्षेत्र उहाँका लागि सङ्घर्षका मैदान बनेका थिए । “भाषा बुझ्दैनथेँ, भारतीयहरूले हेप्थे”, उहाँले विगत सम्झँदै भन्नुभयो, “सामान चोरी हुने डर, खान-बस्न समस्या, धेरै अपमान सहनुपऱ्यो ।”

विसं २०७० देखि सुरुका चार वर्षको हिउँद उहाँले भारतमा बिताउनुभयो । त्यहाँ गरेको सङ्घर्षले उहाँलाई आत्मनिर्भर बन्ने आँट दियो । “त्यहाँको दुःखले मलाई आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सिकायो”, तीर्थले भन्नुभयो । पूर्वी तराईमा अहिले तीर्थका नियमित ग्राहक पनि छन् । कोही मार्सी चामल खोज्दै आउँछन्, कोही सिलाजित । अझै पनि धेरै ग्राहक हिँड्दाहिँड्दै भेटिने उहाँले बताउनुभयो । “नयाँ मानिससँग कुरा गर्न रमाइलो लाग्छ”, उहाँले भन्नुहुन्छ, “कर्णालीका बारेमा सुनाउँदा उहाँहरूले चासोका साथ सुन्नुहुन्छ र सामान किनिदिएर सहयोग पनि गर्नुहुन्छ ।”रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०८ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/११/११ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०७/०८ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०६९/०२/२१ मा प्रा.फ.र.नं. २३६४/०६८/०६९ तथा आन्तरीक राजश्व कार्यालय लाहानमा मिति २०६८/१२/२९ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६००४७५८९७ अन्तर्गत दर्ता कायम भएको **उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसल** ।
**प्रोप्राईटर : राम मिलन महतो**

२. सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७२ साल बैशाख महिना १६ गते मा प्रा.फ.र.नं. ४४७४/०७१/०७२ तथा आन्तरीक राजश्व कार्यालय लहानमा मिति २०७२/०१/१६ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०३१६७०८३ अन्तर्गत दर्ता कायम भएको **आदर्श इम्पेरियम** ।
**प्रोप्राईटर : पुष्पा देवी सिंह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. जंगल महतोको नाति, रघुनाथ महतोको छोरा, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **राम मिलन महतो** (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा) । | २. रघुनाथ महतोको बुहारी, राम मिलन महतोको पत्नी, सिराहा जिल्ला, साविक अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **पुष्पा देवी सिंह** (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** राम मिलन महतो (ना.प्र.नं. ४३४४५, जारी मिति २०५९/१२/०६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. ६१४ को क्षेत्रफल ०-१६-४ (वि.क.धु.) र सिरहा जिल्ला, फुलकहाकट्टी गा.वि.स./न.पा. वडा नं. २ ख स्थित कि.नं. ३६३ को क्षेत्रफल ०-७-१ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. **ऋणी उत्तम बस्त्रालय एण्ड रेडिमेट कपडा पसलको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३१५५ को क्षेत्रफल ०-०-९१/४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. आदर्श इम्पेरियमको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५. **ऋणी आदर्श इम्पेरियमको नाममा धितोबन्धकी कायम रहेको** पुष्पा देवी सिंह (ना.प्र.नं. १५३०४६/३६०, जारी मिति २०६३/११/३०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कि.नं. ३३३२ को क्षेत्रफल ०-०-४ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/२९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/०१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन : ०३३-५४०५११
Website : www.siddharthabank.com

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : सन्ध्या कस्मेटीक पसल**<br>बर्दिबास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय<br>दर्ता नं. १४-२५-००२७, दर्ता मिति : २०७५/०६/११, पान नं. ६०८५३६०५९, दर्ता मिति : २०७५/०६/११<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १४, **संचालक : विजय साह सोनार** |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : विजय साह सोनार**<br>ना.प्र.नं. ०४९२७५४९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६२/०२/२४<br>बाबुको नाम : किस्नु साह सोनार<br>बाजेको नाम : राम प्रसाद साह<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ | **२. नाम : शोभा देवी**<br>ना.प्र.नं. १८३०७४/११, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०४<br>पतिको नाम : विजय साह सोनार<br>ससुराको नाम : किस्नु साह सोनार<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ |

**धितोको विवरण**

शोभा देवीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगञ्ज गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. ४१४८, ४२२७ र ४२०६ को क्षेत्रफल क्रमश: ०-०-१.७५-०, ०-०-३.५-० र ०-०-१-१२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा विसरभोरा गा.वि.स. वडा नं.९ हाल शहिदनगर न.पा. वडा नं.८ मा बस्ने रघुनन्दन गोईत यादवको नाती सगम गोईत यादवको छोरा बिसुनदेव गोईत यादवले मेरो नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गाको स्रेस्ता जीर्ण भई च्यातिएर नष्ट भएकोले खेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी पाउँ भनी द.नं.३६६७ मिति २०८१/०५/१९ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा मोठ रोक्का भिडाउँदा उक्त जग्गाहरुको स्रेस्ता जीर्ण भई च्यातिएर नष्ट भएको लेखि आएकोले हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/०४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा स्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी उपलब्ध गराउन नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

| दर्तावाला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| विसुनदेव गोईत यादव | विसरभोरा | ६ | ५४९ | ०-५-१३-५ |
| विसुनदेव गोईत यादव | विसरभोरा | ८ | ४३७ | ०-२-१२-० |
| विसुनदेव गोईत यादव | विसरभोरा | ८ | ४२९ | ०-०-१३-० |
| विसुनदेव गोईत यादव | विसरभोरा | ९ | ४२० | ०-१-१७-० |

# नेकपाको अगुवा कार्यकर्ता बैठक, चुनावी तयारी तीव्र




**टुडे समाचारदाता**

बारा । बाराको प्रसौनी गाउँपालिकामा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै संगठन सुदृढीकरण तथा चुनावी तयारीलाई तीव्र बनाएको छ । सोही क्रममा बारा निर्वाचन क्षेत्र नं.-४ अन्तर्गत प्रसौनी गाउँपालिका-६ भलुहीमा अगुवा कार्यकर्ता बैठक सम्पन्न भएको छ।

बैठकमा नेकपा बारा क्षेत्र-४ का प्रतिनिधिसभा उम्मेदवार अजय कुमार कुशवाहाले आगामी निर्वाचनमा आफू परिवर्तनको संवाहकका रूपमा जनताको बीचमा जाने स्पष्ट पारे। प्रसौनी गाउँपालिका वडा नम्बर ६ का स्थायी बासिन्दा तथा अन्तर्राष्ट्रिय भलिबल खेलाडीसमेत रहेका कुशवाहाले नयाँ पुस्ता (जेन-जेड) को प्रतिनिधित्व गर्दै युवामैत्री, पारदर्शी र उत्तरदायी राजनीति अघि बढाउने प्रतिबद्धता जनाए।

उनले शिक्षा, रोजगारी, स्वास्थ्य, खेलकुद तथा स्थानीय विकासलाई प्राथमिकतामा राखेर जनताका मुद्दा संसदसम्म पुऱ्याउने बताए। विगतका निर्वाचनमा जनताले भोग्नुपरेका निराशा र समस्या दोहोरिन नदिन नेकपा जनताको भरोसायोग्य विकल्प बनेर अघि बढ्ने दाबी गर्दै उनले पार्टी कार्यकर्तालाई घर-घरमा पुगेर संगठन विस्तार गर्न र जनताको समस्या सुन्न विशेष जोड दिए।

उक्त बैठकमा विभिन्न स्थानीय तहका प्रतिनिधिहरूले आ-आफ्नो पालिकाको समसामयिक अवस्था, विकासका अवरोध, रोजगारीको अभाव, युवा पलायन, कृषि, शिक्षा तथा आधारभूत सेवासँग सम्बन्धित समस्याहरू उठाएका थिए । परवानीपुर गाउँपालिकाका लालबहादुर पटेल, प्रसौनी गाउँपालिकाका विजय यादव र लक्ष्मी महतो, विश्रामपुर गाउँपालिकाका लवकुश बैठा तथा जितपुर-सिमरा उपमहानगरपालिकाका प्रेम बरालले स्थानीय आवश्यकताअनुसार नीति तथा कार्यक्रम तय गर्नुपर्ने सुझाव दिएका थिए।

यस अवसरमा नेकपा केन्द्रीय सदस्य क्षेत्र बहादुर श्रेष्ठको नेतृत्वमा बारा क्षेत्र-४ का लागि ५०० सदस्यीय निर्वाचन परिचालन समिति गठन गरिएको घोषणा गरिएको छ । समितिले आगामी दिनमा चुनावी रणनीति निर्माण, जनपरिचालन, प्रचार-प्रसार तथा संगठन विस्तारको जिम्मेवारी सम्हाल्ने जनाइएको छ।

उक्त कार्यक्रममा संविधानसभा सदस्य दिलमाया धामी, नेता दिनेश राई, क्षेत्र बहादुर श्रेष्ठ, शिला खनाल, मालती कुशवाहा, सर्मिला राई, भरत खड्का, रामचन्द्र प्यासी, हरि प्रसाद चौलागाईं, कमला अधिकारी, मुकेश साहलगायत पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला तथा स्थानीय तहका नेता तथा कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो। बैठककै अवसरमा आर्थिक समिति, जनपरिचालन समिति, प्रचार-प्रसार समिति लगायत विभिन्न उपसमितिहरू पनि गठन गरिएको छ।

नेकपाले बारा क्षेत्र-४ मा युवाको सहभागिता बढाउँदै संगठनलाई जनमुखी बनाउने र आगामी निर्वाचनमा सशक्त प्रतिस्पर्धा गर्ने रणनीतिका साथ अभियानलाई अघि बढाएको जनाएको छ।

# 'मधेशको अधिकार र पहिचानको लागि धेरै लड्यौं, अब विकासको लडाई पनि लड्छौं'

**केन्द्र सरकारले मधेशबाट अत्यधिक राजश्व लगेपनि मधेशलाई विकास बजेट अत्यन्त कम आउने गरेको चर्चा गर्दै अध्यक्ष यादवले विगतमा सक्षम जनप्रतिनिधि नचुनिएका कारण आवाज उठाउन नसक्दा सप्तरी ३ को निर्वाचन क्षेत्र विकासमा पछाडि परेको बताए ।**

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशको अधिकार, पहिचान, स्वाभिमान र समानतासँगै अब विकासको लागि लडाई लड्नुपर्ने बताएका छन् ।

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नम्बर ४ स्थित शान्ति चोकमा बुधबार आयोजित चुनावी अभियानलाई सम्बोधन गर्दै उनले भने, 'हामीले अधिकार, पहिचान, स्वाभिमान र समानताका लागि लडाई लड्यौं, अब मधेशले विकासका लागि लडाई लड्नु आवश्यक छ।'

केन्द्र सरकारले मधेशबाट अत्यधिक राजश्व लगेपनि मधेशलाई विकास बजेट अत्यन्त कम आउने गरेको चर्चा गर्दै अध्यक्ष यादवले विगतमा सक्षम जनप्रतिनिधि नचुनिएका कारण आवाज उठाउन नसक्दा सप्तरी ३ को निर्वाचन क्षेत्र विकासमा पछाडि परेको बताए।

प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहेका उनले सप्तरी २ बाट आफुले चुनाव जितेपछि शिक्षा, स्वास्थ्य र यातायातको क्षेत्रमा उल्लेखनीय कार्य गरेको चर्चा गर्दै भने 'रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय स्थापना तथा सञ्चालन, गजेन्द्रनारायण सिंह अस्पतालमा कायापलट हुने गरी भौतिक पूर्वाधार निर्माण, महेन्द्र विन्देश्वरी बहुमुखि क्याम्पसमा इन्जिनियरिङ्ग भवन निर्माण, अस्पताल परिसरमा नर्सिङ्ग भवन, विद्यालयहरुमा शैक्षिक भवन, रुपनी-राजविराज सडक, राजविराज-छिन्नमस्ता-न्यौर सडक, राजविराज-हनुमाननगर-भारदह सडक निर्माण, पालिकाहरुलाई एम्बुलेन्स लगायतकाकामहरु कामहरु अगाडि बढाएँ, दुर्भाग्य नै भन्नुपर्छ मेरो अनुपस्थितिमा ती कार्यहरु अगाडि बढाउनुको साटो भाँजो हाल्ने काम भयो।'

विगतमा मधेश र मधेशी जनतामाथि भइरहेको चरम विभेद एवम् दमन विरुद्ध मधेशी जन अधिकार फोरम नेपालको नेतृत्वमा सङ्घर्ष भएको चर्चा गर्दै फोरमसँगको सम्झौतापछि गाउँगाउँमा नागरिकता टोली खटाएर नागरिकता वितरण गरिएको उनले बताए । मधेशी अर्थात कालो चेहरालाई मर्सिया, धोती जस्ता शब्दले अपमानित गर्ने गरेकोमा अहिले मधेश प्रदेश नै बनेको चर्चा गर्दै जसपा अध्यक्ष यादवले भने 'अब मधेशीलाई भेदभाव वा दुर्व्यवहार गर्न पाउँदैन गर्वले मधेश प्रदेशको वासिन्दा भन्न पाएका छन्।'

मधेश आन्दोलनकै उपलब्धीका कारण मधेशी, महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती, पिछडावर्ग लगायत विभेदमा पारिएका समुदायको सहभागिताको सुनिश्चितता भएको उनले बताए । अझैं थुप्रै अधिकार प्राप्त गर्न बाँकी रहेकोले त्यसकालागि मधेशी जनता मधेशको पक्षमा एकतावद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले भने 'मधेशी जनताले पाएको अधिकार पनि खोस्नका लागि मधेशमा भ्रम छर्ने काम भइरहेकोले जसपा नेपालका उम्मेदवारहरुलाई भारी मत दिएर जिताएर पठाउन आग्रह छ।'

जसपा नेपालका नेता एवम् पूर्वमन्त्री रेणुकुमारी यादवले आफु शिक्षामन्त्री हुँदा अडानका साथ विधेयक ल्याएर पारित गराएकै कारण सरकारी विद्यालयमा अध्ययन गरेका तथा दलित, मुस्लिम समुदायबाट समेत छात्रबृतिमा डाक्टरी पढ्ने अवसर पाएको चर्चा गरिन् । पार्टीका सचिव शैलेन्द्र प्रसाद साहले मधेशी जनताको कठोर सङ्घर्षबाट प्राप्त भएको उपलब्धीहरु पनि खोस्नका लागि सङ्घीयता विरोधीहरु सक्रिय रहेकोले त्यस्ता शक्तिलाई वहिष्कार गर्न आग्रह गरे।

प्रचार प्रसार समितिका अध्यक्ष राजेन्द्र सदाको अध्यक्षतामा आयोजित कार्यक्रममा श्रीचन साह, दलित मुक्ति सङ्गठनका जिल्ला अध्यक्ष अशोक राम लगायतले मन्तब्य व्यक्त गरे।



# मूर्ति विसर्जन विवादपछि ३ बुँदे सहमति




**टुडे समाचारदाता**

रौतहट । रौतहटको दक्षिणी क्षेत्र अवस्थित परोहा नगरपालिका-९ स्थित रामपुरमा मूर्ति विसर्जनका क्रममा उत्पन्न विवादको दिगो समाधानका लागि स्थानीय समुदायबीच सौहार्दपूर्ण छलफलपछि तीन बुँदे सहमति भएको छ।

जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा सिडिओ दिनेश सागर भुसालको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा बुधवार बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले उक्त निर्णय गरेको हो। बैठकमा दुवै समुदायका अगुवा, सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो।

बैठकबाट गत १० र १२ गते रामपुर गाउँमा देखिएको परिस्थितिप्रति दुःख व्यक्त गर्दै घटनामा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। सयौं वर्षदेखि धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम रहेको उक्त गाउँमा यस वर्ष पहिलोपटक सद्भाव विथोल्ने प्रयास भएको भन्दै बैठकले आन्तरिक तथा बाह्य दुश्प्रयासप्रति खेद व्यक्त गरेको छ। साथै त्यस्ता तत्वबाट सचेत रहन गाउँवासीलाई हार्दिक अपिल गरिएको छ।

त्यसैगरी घटनाको सूक्ष्म अध्ययन तथा अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही अघि बढाउने निर्णयसमेत गरिएको छ।

भविष्यमा यस्ता घटना दोहोरिन नदिन गाउँवासीले सामूहिक प्रयास गर्ने, प्रहरी प्रशासन, स्थानीय तह र समुदायबीच सुमधुर समन्वय कायम गर्ने तथा धार्मिक-सांस्कृतिक कार्यक्रम आयोजना गर्दा आयोजक पक्षले विशेष सजगता अपनाई जिम्मेवारी वहन गर्नुपर्ने सहमति भएको सिडिओ भुसालले जानकारी दिए।

उक्त बैठकमा प्रमुख जिल्ला अधिकारी भुसालसहित नारायण दल गणका प्रमुख सेनानी विश्वास बिष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी सिताराम रिजाल, सशस्त्र प्रहरी बलका एसपी रामहरी अधिकारी, राष्ट्रिय अनुसन्धानका जिल्ला प्रमुख कुमार बुढाथोकी, सहायक सिडिओ जितेन्द्र कुमार यादव लगायत सुरक्षा तथा प्रशासनिक निकायका प्रतिनिधिहरूको उपस्थिति थियो।

त्यस्तै स्थानीयको तर्फबाट सुखान्डी राउत, बिन्देश्वरी प्रसाद, मेघनाथ पटेल, पवन पटेल, शेख अब्दुल्लाह, मोहम्मद युनुस, जोबैर ओख्ता, वकिल मियाँ, हाकिम मियाँ लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधि, वर्तमान तथा पूर्व जनप्रतिनिधि र नागरिक समाजका अगुवाहरूको सहभागिता रहेको थियो।

स्थानीय स्तरमै संवाद र सहमतिमार्फत समाधान खोजिएको भन्दै सहभागीहरूले रामपुरमा सामाजिक सद्भाव अझ सुदृढ हुने विश्वास व्यक्त गरेका छन्।

# आमा-छोराको हत्या घटनामा बुहारी र एक पुरूष पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको परवानीपुरमा आमा-छोराको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले बुहारीसहित थप एक जनालाई पक्राउ गरेको छ।

बुधबार परवानीपुर-१ रहरियाडीमा ५२ वर्षीया सुमित्रा देवी र उनका छोरा ३२ वर्षीया रामेश्वर मण्डलको हत्या भएको घटनामा धर्मेन्द्र महतो नाम गरेका एक पुरूषलाई पक्राउ गरिएको बारा प्रहरीका एसपी नरेन्द्र कुँवरले जानकारी दिए।

उक्त घटनामा उनको संलग्नता भेटिएकाले पक्राउ गरिएको एसपी कुँवरले दाबी गरे । सो घटनामा उनको संलग्नताबारे अनुसन्धान भने अघि बढाइएको छ।

यसअघि बारा प्रहरीले सुमित्राकी बुहारीसमेत रहेकी रामेश्वरकी श्रीमती २८ वर्षीया मनिता देवीलाई पक्राउ गरेको थियो।

गएराति एक व्यक्ति घरभित्र छिरेर अन्धाधुन्ध धारिलो हतियार प्रहार गरेका थिए। सो घटना हुँदा सुमित्राको घरमा ८ जना सदस्य थिए।

सुमित्रासंगै उनका श्रीमान जगरूक मण्डल, छोरी किरणदेवी, बुहारी मनितादेवी र उनका दुई छोरा, छोरी रिनाकुमारी र नाति गरी ८ जना थिए।

जगरूक, मनितादेवी र किरणदेवी घाइते छन् । त्यसमा पनि जगरूक गम्भीर रहेको बारा प्रहरीले जनाएको छ।

उनीहरूको परवानीपुरस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको जनाइएको छ। मनिता राति शौचालय निस्कँदा उनीसंगै सुमित्रा पनि निस्किएकी थिइन्।

सुमित्राको घरबाहिर नै हत्या भएको बारा प्रहरीले जनाएको छ। शौचालयको छेउमै उनको शव भेटिएको प्रहरीको भनाइ छ। रामेश्वरको शव घरभित्र भेटिएको थियो।

यस घटनामा मनिता सामान्य घाइते मात्रै रहेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले बताए। अन्य विषयबारे पनि अनुसन्धान भइरहेको उनको भनाइ छ।

# निर्वाचन प्रहरी तालिम माघ १८ देखि हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खटाइने निर्वाचन प्रहरीको तालिम तालिका परिवर्तन गरिएको जनाएको छ।

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका लागि भर्ना, छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत कार्यविधि २०८२ अनुसार छनोट भई नियुक्तिका लागि सिफारिस भएका मुख्य उम्मेदवारहरूको प्रशिक्षण कार्यक्रम संशोधन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

यसअघि माघ १५ देखि २४ गतेसम्म तालिम सञ्चालन हुने जनाइएकोमा अब संशोधित तालिकाअनुसार माघ १८ गतेदेखि २७ गतेसम्म तालिम सञ्चालन हुनेछ। सार्वजनिक बिदाका दिनसमेत समेटेर १० दिनको प्रशिक्षण अवधि तोकिएको छ।

तालिम तथा नियुक्तिका लागि छनोट भएका उम्मेदवारहरूलाई माघ १७ गते बिहान ९ बजे अनिवार्य उपस्थित हुन आग्रह गरिएको छ। नेपाल प्रहरीतर्फ सिफारिस भएका ४ हजार ९ सय ४२ जना उम्मेदवार जिल्ला प्रहरी कार्यालय धनुषामा उपस्थित हुनुपर्नेछ।

त्यस्तै सशस्त्र प्रहरी बल नेपालतर्फ सिफारिस भएका ३ सय ८५ जना उम्मेदवार सशस्त्र प्रहरी बल नं. ८ गण मुख्यालय धनुषामा उपस्थित हुनुपर्नेछ।

उम्मेदवारहरूले प्रवेशपत्र र नागरिकताको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनुपर्ने तथा भद्र पोशाकमा उपस्थित हुनुपर्ने भनिएको छ।

बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूलाई आवश्यकताअनुसार पछि जानकारी गराइने जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषा अन्तर्गत निर्वाचन प्रहरी भर्ना छनोट उपसमितिले संशोधित तालिका सार्वजनिक गर्दै समयमै उपस्थित हुन उम्मेदवारहरूलाई भनिएको छ।

# चुनाव सघाउन सांसद उम्मेवारसहित वडाध्यक्षहरु कांग्रेसमा प्रवेश



**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही क्षेत्र नं ४ बाट प्रतिनिधि सभामा उम्मेदवार बनेपछि विभिन्न पार्टीबाट नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । कांग्रेस उम्मेदवारसमेत रहेका सभापति थापालाई सघाउनका लागि सर्लाही क्षेत्र नं ४ का प्रदेश सांसद उम्मेवारदेखि गोडैता नगरपालिकाका चार वडाका वडाध्यक्ष कांग्रेसमा प्रवेश गरेका छन्।

बहुजन पार्टीबाट सर्लाही क्षेत्र नं ४ ख प्रदेशका उम्मेदवार कृष्ण कुमार कुशवाहासहित चार वडाध्यक्षलाई कांग्रेस सभापति थापाले बुधबार सर्लाहीमा आयोजित एक कार्यक्रममा पार्टी प्रवेश गराएका छन्।

सर्लाहीमा आयोजित कार्यक्रममा कुशवाहासहित गोडैता नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष सुजित महतो, वडा नम्बर २ का वडाध्यक्ष अजय प्रसाद शाह, वडा नम्बर ५ का वडाध्यक्ष प्रकाश गुप्ता, वडा नम्बर ११ का वडाध्यक्ष विश्वनाथ पण्डित कांग्रेसमा प्रवेश गरेर गगन थापालाई सहयोग गर्ने प्रतिबद्धता जनाए। वडा नम्बर १ का वडाध्यक्ष महतो र वडा नम्बर २ का वडाध्यक्ष नेपाल कम्युनिस्ट पार्टी, वडा नम्बर २ का वडाध्यक्ष शाह नेपाल कम्युनिस्ट पार्टी, वडा नम्बर ५ का वडाध्यक्ष गुप्ता जसपा, वडा नम्बर ११ का वडाध्यक्ष पण्डित एमालेबाट वडाध्यक्ष निर्वाचित भएका थिए । त्यस्तै बसबरियाका जसपा नेता मुकेश यादव, वडासदस्य लालु मन्सुर पनि कांग्रेस प्रवेश गरेका छन्। मुलुकको विकास गर्न सक्ने भिजन नेता भएको कांग्रेस सभापति थापा आफ्नो क्षेत्रमा आएकाले चुनावमा जिताउनका लागि कांग्रेसमा प्रवेश गरेको उनीहरु बताउँछन् । यस अघि सर्लाही क्षेत्र नं ४ का स्वतन्त्र उम्मेदवार रहेका महेन्द्र यादव पनि कांग्रेसमा प्रवेश गरेका थिए।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको पुनः प्रवेश परिक्षाको
Online आवेदन फाराम भर्ने
सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आरक्षण कोटा र विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहन गएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/१०/१५ गते सम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि ०३१-५९०५५५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८